# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

सम्पूर्ण जनसंख्याको समानुपातिक विकासमा नै राष्ट्रको प्रगति भर पर्दछ र यसलाई पूरा गर्न समाजमा आर्थिक सामाजिक तथा शैक्षिक रुपमा कमजोर रहेका वर्गको पहिचान गरी उनीहरुको योग्यताको र क्षमतालाई शिक्षाको माध्यमवाट विकसित गर्दै राष्ट्र विकासको मूलधारमा समाहित गर्नु अति आवश्यक छ ।

गरिबी निवारणमा खासगरी वालवालिका र पिछडिएका वर्गको शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । उपयुक्त शिक्षाका कारण महिला, दलित तथा कमजोर तहका जनताहरुले मुलुकको आर्थिक गतिविधिमा सक्रिय रुपले भाग लिने अवसर पाउने हुनाले यसको परिणाम स्वरुप विद्यामान गरिवीमा कमी आउने स्वतः स्पष्ट छ । साथै यसले जनस्वास्थ्यको बारेमा चेतना जागरणमा पनि महत्वपूर्ण योगदान दिने हुनाले मुलुकको मानसिक आदिको क्षमता अभिवृद्धिमा अनुकुल प्रभाव उत्पन्न गर्दछ र निर्णय प्रकृयामा दलित तथा पिछडीएका समूदायको साक्षरता दर ज्यादै न्यून अवस्थामा यस समूदायका प्राथमिक तहमा अध्ययनरत वालवालिकाहरुको शिक्षाप्रतिको उत्सुकता पनि कम भई विद्यालय बीचैमा छाड्ने प्रवृत्तिले जरो गाड्न सक्ने सम्भावनालाई नकार्न सकिंदैन । मुलुकको भौगोलिक, सामाजिक, आर्थिक तथा क्षेत्रीय विविधताहरु टड्कारो रुपमा रहेका छन् । कतिपय अवस्थामा यो विविधता समस्याको रुपमा पनि खडा भएको देखिन्छ ।

नेपालमा २००७ सालमा प्रजातन्त्रको स्थापना पछि शिक्षा राज्यको प्रमुख दायित्वको रुपमा परिभाषित हुन पुग्यो । शिक्षाको गुणात्मक विकासका लागि विभिन्न समयमा विभिन्न आयोगहरु गठन गर्न समयानुसार शिक्षा नीति एवम् शैक्षिक कार्यक्रमहरु लागु गरिदै आएको पाइन्छ । यसै सन्दर्भमा राष्ट्रिय शिक्षा आयोग २०४९ ले निर्धारण गरेको शिक्षाका राष्ट्रिय

उद्देश्यमा समाजमा पछि परेका व्यक्तिलाई राष्ट्रिय मूलधारमा समाहित गर्न सहयोग गरिनेछ भनिएको छ तर समाजमा व्याप्त वर्ग विभेद, अशिक्षा र गरिवीका कारण समाजका टाठावाठा वर्गले बढी सुविधा उपयोग गरिरहेको पाइएको छ (चौधरी, २०६५ ) ।

गोलमेच सम्मेलन (सन् १९९०) द्वारा सबैको लागि शिक्षा सम्वन्धि विश्व घोषणा पत्र अनुसार नेपालले पनि सबैका लागि शिक्षा सम्वन्धी १५ वर्षे कार्ययोजनाले पनि नेपाल सरकारले वालवालिकाहरुप्रति देखाएको शिक्षा सुधारको प्रतिवद्धतालाई पुष्टि गर्दछ ( शर्मा एन्ड शर्मा, २०६१ ) ।

नेपाल सरकारद्धारा शिक्षामा गरिएको लगानीका बाबजुद लगभग ३२ प्रतिशत वालवालिका विद्यालय भन्दा बाहिर रहेका छन् । विद्यालय गइरहेका मध्येबाट पनि ४१ प्रतिशत्ले विद्यालय बीचैमा छाड्ने गरेको पाइन्छ । एकातर्फ वालवालिका विद्यालयमा नै भर्ना हुन जाँदैनन् अर्कातिर जो विद्यालय गइरहेका छन् ती मध्ये कतिपय त बीचैमा आएर विद्यालय छाड्ने गरेका छन् । मानवस्रोत विकास प्रतिवेदन १९९८ ले दैनिक जीवनयापन र शिक्षा बीच अर्थपूर्ण सम्वन्ध नहुनमा गरिवी, जातीय भेदभाव र शिक्षकको विद्यालयमा नियमित उपस्थिति नहुनु जस्तालाई पनि वालवालिकाको विद्यालय बीचैमा छाड्ने कारण भनी उल्लेख गरेका छन् ( थापा, २००१ ) ।

विश्व परिवेशमा हेर्दा वर्तमान समयमा नेपालमा पनि शिक्षा, अज्ञानता, गरिवी, रोग, भोक र गृहयुद्धमा पिल्सिएको छ । विश्वका गरिव राष्ट्रको रुपमा यसको चिनारी छ । जसको कारणले गर्दा सबै वर्गको समानुपातिक विकास हुन सकेको छैन । त्यसमा पनि दलित समाजमा दलित गन्धर्व जातिहरुको अशिक्षाका कारण अवस्था दिन प्रतिदिन दयनीय बन्दै गएको छ । सरकारी तथा गैर सरकारी संस्थाहरुबाट तिनीहरुको उन्नतीको लागि गरेको प्रयास मध्ये छात्रवृत्तिको व्यवस्था, निःशुल्क प्राथमिक शिक्षा र निःशुल्क पाठ्यपुस्तकको वितरण कार्यक्रम बाबजूद पनि सत्प्रतिशत् वालवालिकाहरुले यसको लाभ उठाउन सकेका छैनन् । नेपालको नवौं पञ्चवर्षीय योजना (२०५४-०५९) र राष्ट्रिय शिक्षा आयोग २०४९ ले पनि गरिवीको रेखामुनि रहेका सबै सुबिधाविहिन समूदायका लागि समान पहुँचयुक्त, गुणात्मक शिक्षा र शैक्षिक

व्यवस्थापनमा प्रभावकारी सुधारको नारा सहित सन् १९९२ देखि १९९६ र १९९७ देखि २००२ सम्म क्रमशः आधारभूत तथा प्राथमिक शिक्षा परियोजना पहिलो र दोस्रो चरण सम्पन्न गरिसकेको छ ( थापा, २०६१ ) ।

नेपाल विभिन्न जात जाति वसोवास भएको देश हो । वहुजातीय, वहुधार्मिक, वहुसास्कृतिक वहुभाषिक विविधता भएको राष्ट्र भएकाले नेपाललाई अनेकतामा एकता भएको देश भनेर चिनिन्छ । राष्टिय जनगणना २०५८ अनुसार १०१ जातजाति, ९२ प्रकारका भाषा सहितको विविधायुक्त विशेषता भएको राष्ट्र नै नेपाल हो । यसमा सुखद् कुरा के हो भने यसरी विविध जातजाति, भाषाभाषी तथा धार्मिक सम्प्रदाय रहेको देश नेपाल भएता पनि आजसम्म "हामी सवै एक हौ" भन्ने भावना सवैमा रहेको कारणले जातीय दंगा तथा धार्मिक युद्ध नभई "राष्ट्रिय एकता" कायम रहेको छ । यस एकतालाई कायम राखिराख्न अव राज्यद्धारा सबैमा समानताको न्यायिक व्यवहार अवलम्वन गरिनु पर्दछ ( पोखरेल, २०६६ ) ।

नेपालमा रहेका १०१ जातजातिका आ–आफ्नै भाषा, धर्म, संस्कृति, संस्कार तथा समाजिक संरचना भएको पाइन्छ । यसमा मुलरुपमा चार वर्णाश्रम भित्र पर्ने जात र नपर्ने जाति देखिन्छ । चार वर्णाश्रम भित्र पर्ने जात अन्तर्गत माथिल्लो/उच्च तथा तल्लो/नीच जातिमा विभाजित भएको पाइन्छ, जसमा उग्ररुपको जातीय विभेद देखिन्छ । यस जात समूह अन्तर्गत दलित गन्धर्व जाति पर्दछन् । जात समूहमा धर्म भाषा तथा संस्कृति एउटै भएता पनि धार्मिक व्यवहारमा विभेद पाइन्छ । दलितलाई पानी नचल्ने जाति भनेर सामाजिकरुपमा पनि "अछुत" मान्ने रुढीवादी परम्परा अद्यापि समाजमा विधमान छ । तर मात्र भावनात्मक रुढीवादीताको वनावट, संस्कारगत व्यवहार पनि समान देखिनछ । तर मात्र भावनात्मक रुढीवादीको कारणले उंचनीच समूहमा विभाजित भई समाजमा भेदपुर्ण मानबीय व्यवहार हुदै आएको देखिन्छ। वास्तवमा २१औं शताव्दीमा "जातीय भेदभाव" हुनु ज्यादै लज्जास्पद तथा

अमानवीय कुरा हो । अर्थात मानव–मानव वीचको जातीय विभेद गरिनु मानव समाजलाई नै नसुहाउने एक कलङ्क मान्नुपर्दछ । यस प्रकारको विभेदलाई संयुक्त राष्ट्र संघ (UNO) ले सवै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९६५ को आधारमा जनवारी ४, १९६९ देखि लागू गरि भेदभावको अन्त्य गरेको छ । यस महासन्धिलाई नेपालले विनाकुनै शर्त जनवरी ३०, १९७१ मा अनुमोदन गरिसकेको छ । यसै गरी नेपालमा मूलुकी ऐन, २०२० द्वारा कानुनीरुपमा जातीय भेदभाव लाई हटाएता पनि व्यवहारमा प्रयोग हुन सकेको पाइदैन । यसरी कानुन वा महासन्धिहरुमा भेदभाव उन्मूलन गर्ने जस्तोसुकै प्रावधान राखिएता पनि व्यवहारमा अद्यापि पूर्णपरिवर्तन आइनसकेको अवस्था छ ( राई, २०६४ ) ।

ऋगवेदमा चार वर्णवाहेक अरु जात वा अछुत प्रथाको उल्लेख भएको पाइँदैन । उहि वर्ण शव्दको अर्थ रङ्ग हो तर पछि यो शव्दले रङ्गको अर्थ दिन छाडि श्रम विभाजनको अर्थ दिदै आएको कुरा स्पष्ट हुन्छ । ऋगवेदको ऋचाको अनुसार श्रम विभाजनका आधारमा चार वर्णको श्रम विभाजन गरिएको छ ।

| | |
|---|---|
| ब्रहमण : | पुरोहित ज्ञान शिक्षा (वौद्धिक र धार्मिक) |
| क्षेत्रिय : | शैनिक शासकीय (राजनीति) |
| वैश्य : | पशुपालन, खेतीपाती, व्यापार (श्रम) |
| शुद्र : | श्रम, शिल्पकारी सेवा (श्रम) |

माथि उल्लेख भएका चार वर्णका मानिसहरुले कुनै पनि काम फेरवदल गर्न सक्थे र काम अनुसारको योग्यता हासिल गरेपछि बैश्य र शुद्र पनि माथिल्लो वर्णको सम्मान पाउन सक्थे । श्रमको आधारमा वर्णको फेरवदल हुन सक्थ्यो ( दलित आयोग, २०६० ) ।

शिक्षामा दलित तथा पिछडिएका जातजातिहरुमा सहभागितामा कमि हुनुमा आर्थिक तथा सामाजिक कारणहरु नै प्रमुख भएता पनि देशको भौगोलिक वनावट तथा राजनैतिक कारण

पनि विद्यमान रहेका पाइन्छ तथा आर्थिक विपन्नता , शैक्षिक चेतनाको कमि परम्परागत सामाजिक धारणा अन्धविश्वास तथा छिटो विवाह , घरायसी काममा वढी व्यस्तता आदिलाई पनि लिन सकिन्छ ( चौधरी, २०६५ ) ।

दशौं योजना (२०५९-२०६४) मा शिक्षाका लागि नीतिगत उद्देश्य नामक मस्यौदा पत्रले नेपालमा वहुआयामिक चरित्रको गरीवीलाई स्वीकार गर्दै अगाडि वढ्न गरीवी र गरिवी न्युनीकरण लाई विभिन्न नीतिगत उद्देश्यहरु मार्फत ध्यान दिने प्रयत्न गरेको छ । नवौं पञ्चवर्षीय योजना (२०५४/०५५-२०५८/०६९) को शिक्षा तर्फको उद्देश्यमा उल्लेखित दलित तथा पिछडिएका जातजातिहरुलाई शिक्षाको अवसर प्रदान गरी राष्टिय मुलधारमा समाहित गर्न दलित छात्रवृति उपलब्ध गराउने भनिएको छ । दशौं योजना(२०६४/२०६५) अनुसार गरिवीको रेखामुनि रहेका अपाङ्ग, महिला, दलित तथा पिछडिएका जातजातिहरुलाई निःशुल्क शिक्षा एवं छात्रवृति प्रदान गरि शिक्षाको माध्यमवाट गरिवी न्युनिकरण गर्ने उद्देश्य अनुरुप प्राथमिक तहका खुद भर्ना दर ९० प्रतिशत पु-याउने , महिला शिक्षाको अनुपात ३० प्रतिशत लक्ष्य राखेको पाईन्छ ( काफ्ले, २०६० ) ।

सवैका लागि शिक्षा (EFA) सन् २००४-२००९ को प्रमुख दस्तावेज शिक्षाको सन् २०१५ सम्मका लागि निर्माण गरिएको “राष्टिय योजना” कार्ययोजनामा आधारित पञ्चवर्षिय रणनीतिक कार्यकमले प्राथमिक शिक्षाको पहुच तथा समन्यायिकता सुनिश्चित गर्ने, प्राथमिक शिक्षाको गुणस्तर तथा सान्धर्विकता वृद्धि गर्ने र कार्यदक्षता तथा संस्था गत क्षमताले सुधार गर्ने जस्ता उद्देश्यहरु रहेका छन् । यो दस्तावेज दशौं योजनाले अवलोकन गरेको अवधारणा अनुरुप गरिवी न्युनिकरणमा विशेषरुपले लक्षित भएको हुँदा लक्षित वर्ग खासगरि वालिकाहरु सुविधा विमुख समुदायका दलित अपाङ्ग वालवालिकाहरुलाई विद्यालय जान प्रोत्साहन एवं विद्यालय पतनदर घटाउन छात्रवृत्तिको व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले भाषाका कारण विद्यालय पहुँच तथा पतनदरलाई न्युनिकरण गर्नका लागि भाषाभाषिको आकांक्षालाई ध्यानमा राखी मातृभाषामा प्राथमिक शिक्षाको व्यवस्था गर्ने नीतिलाई अवलम्वन गरेको पाइन्छ ( शर्मा एण्ड शर्मा, २०६१ ) ।

नेपाल राष्ट्रिय दलित आयोगले पहाडे मूल र मधेशी मूल गरेर जम्मा २२ ओटा जातिलाई मात्र दलित सुचीमा राखेको छ । यस्ता दलितहरुमध्ये पहाडे समुदायमा वसोवास गर्ने

पहाडे मूलका गन्धर्व (गाईने), परियार (दमाई, दर्जी, सुचिकार, नगर्ची, डोले, हुड्के, वादी), विश्वकर्मा (कामी, लोहार, सुनार,ओड, चुनरा, पार्की, टमाटा), सार्की ( मिजार, चर्माकार, भुल) जस्ता अस्पर्शीय तथा पानी नचल्ने जातहरुलाई पहाडे दलितको रुपमा लिइएको छ ।

नेपाल सरकारले दलित वालवालिकाहरुको शिक्षामा सहभागिता वढाउने तर्फ नीतिगत प्रयास गर्दा गर्दै पनि दलित गन्धर्व वालवालिकाहरुले विद्यालय तहको शिक्षा पुरा नगरी वीचैमा विद्यालय छाड्ने प्रवृति देखापरेको छ । नेपालको साक्षरता दर ५३.७ प्रतिशत रहेकोमा समग्र ( पहाडे एवं मधेशी) दलितहरुको ३३.८ प्रतिशत मात्र रहेको छ । नेपाल सरकारवाट शिक्षामा सवैको पहुँच र शिक्षामा समान अवसरका लागि विभिन्न कार्यक्रमहरु जस्तै निःशुल्क शिक्षा, निःशुल्क पाठ्यपुस्तक वितरण छात्रावृति प्रदान, अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरिरहनुको साथै  गैर सरकारी क्षेत्रवाट पनि दलित समुदायको शिक्षा प्रति प्रशस्त सहयोगात्मक कार्यक्रम कार्यान्वयन हुनुको वावजुत पनि दलित गन्धर्व वालवालिकाहरुले किन वीचैमा कक्षा छाड्छन होला ? भन्ने विषयमा केन्द्रित भएर यो अध्ययन गरिने छ ।

थापा (२०६१) का अनुसार गाइनेहरु गीत गाएर माग्दै आफ्नो जीविकोपार्जन गर्ने जातिमा पर्दछन् । यीनिहरुलाई पृथ्वीनारायण शाहले काठमाण्डौ बिजय गरे पश्चात् काठमाण्डौ उपत्यकामा प्रवेश गराएका थिए । गाइनेहरुको पुर्ख्यौली बाजा सारङ्गी र अर्वाजो हो । सारङ्गीलाई स्त्री बाजा र अर्वाजोलाई पुरुष बाजा भनिन्छ । गाइनेहरु प्राय परम्परागत लोक गीत गाउने साथै सारङ्गी र अर्वाजो बजाएर माग्दै हिड्ने उनीहरुको पुर्ख्यौली पेशा रहेको पाइन्छ । जनकवि केशरी धर्मराज थापाले बताए अनुसार गाइनेहरुले परम्परागत गीत र साहित्य बचाउनको लागि मूख्य भूमिका खेलेको पाइन्छ । श्री धर्मराज थापाले नै गाइनेलाई गायक वा गन्धर्व भनी सन् १९५६ बाट सुरुवात गराएको पाइन्छ ( थापा, २०६१ म उदृत ) ।

यसै गरी झापा जिल्ला पथरिया गा.वि.स.मा बिक्रम सम्वत् २०२६ साल देखि गन्धर्वहरु पश्चिम नेपालबाट आई बसोबास गरेको कुरा वृद्ध गन्धर्वहरुवाट जानकारी पाइएको छ । यहाँ

बसोबास गर्ने गन्धर्वहरु केही पुर्ख्यौली पेशा, धैरै जसो ज्याला मजदुरी र केही खेतीपाती गरी जीविको पार्जन गरेको पाइन्छ ।

## १.२ समस्याको कथन

प्राथमिक शिक्षा विद्यालय शिक्षाको पहिलो खुट्कीलो हो । यो जीवन निर्वाह र देश विकासको निम्ति अति आवश्यक पक्ष पनि हो । नेपालमा मुख्यतः दुई क्षेत्रवाट शैक्षिक जनशक्ति उत्पादन भइरहेका छन् । जस अन्तर्गत सरकारी र नीजि निकायहरु पर्दछन् । प्राथमिक शिक्षाको प्रमुख उद्देश्यहरु नैतिकता, स्वावलम्वी तथा राष्ट्रिताको भावना जगाउने जस्ता उद्देश्य लिइएको छ । नेपाल सरकारले दलित वालवालिकाहरुको शिक्षामा सहभागिता वढाउने लक्ष्य नीतिगत प्रयास गर्दा गर्दै पनि दलित गन्धर्व वालवालिकाहरुले विद्यालय तहको शिक्षा पुरा नगरी वीचैमा विद्यालय छोड्ने प्रवृति देखा परेको छ ।

दलित गन्धर्व वालवालिकाहरुको शैक्षिक अवस्था किन कमजोर छ ? विभिन्न प्रयासका वावजुत समाजका अन्य समुदायका वालवालिकाहरुको दाँजोमा यिनीहरुको शैक्षिक सहभागिता किन न्युन छ ? शैक्षिक सहभागिता अथवा विद्यालय भर्ना भएका दलित गन्धर्व वालवालिकाहरु मध्ये धेरैले कक्षा शैक्षिक सत्रको वीचैमा किन छाड्छन् ? भन्ने कुरा महसुश गरि सर्वसाधारण लगायत अभिभावकहरु , शिक्षा क्षेत्रसग सम्बन्धीत निकायहरु , सरकारी सामुदायिक, गैरसरकारी संघसस्थाहरुको ध्यान आर्कषण गर्न समेत शोधार्थीले झापा जिल्लाको पूर्वदक्षिण तराई क्षेत्रमा रहेको पथरिया स्रोत केन्द्र अन्तर्गत पथरिया गा.वि.स.का सामुदायिक विद्यालयमा अध्ययनरत गन्धर्व छात्र छात्राहरुको शैक्षिक अवस्था किन खस्केको छ ? यस्तो अवस्थाको सिर्जना कसरी भयो ? उनीहरुको अभिभावकहरुको शिक्षाप्रतिको दृष्टिकोण कस्तो छ ? किन शैक्षिक सहभागिता वढ्न सकेको छैन ? विद्यालय भर्ना भएर पनि वीचैमा कक्षा किन छाड्ने गरेका हुन् भन्ने जस्ता महत्वपूर्ण तथा गम्भीर सवालवारे खोज तलास गरि आवश्यक राय सुझाव पेश गर्ने उद्देश्य लिई यो शोधपत्रको शुरुवात गरिएको छ ।

यसै सन्दर्भमा शिक्षाको रणनीति र शिक्षामा गरिएको लगानीका वावजुद पनि दलित गन्धर्व वालवालिकाहरु शैक्षिक क्षेत्रमा किन पछि परिरहेका छन् ? विद्यालय गएर पनि दलित वालवालिकाहरु आफ्नो उमेर समुहका समुदायका अन्य वालवालिकाहरुको तुलनामा वरावर

रुपमा किन सहभागि भईरहेका छैनन् ? उनिहरुलाई शिक्षाको अवसर के के हुन सक्छन् ? किन सहभागिता न्युन छ ? न्युन भएर पनि नियमिता किन हुन सकेका छैन ? भर्ना भएर पनि विद्यालय वीचैमा छाड्ने कारणहरु के के हुन् ? यस्तो अवस्थाको सृजना कसरी भइरहेको छ ? के जातीय भिन्नताको कारणले यस्तो स्थिति आएको हो ? वा विद्यालयको व्यवहारले उनीहरुलाई समेट्न नसकेको हो ? वा विद्यालय जान नसकेका हुन् ? जस्ता अति महत्वपूर्ण र समय सान्दर्भिक सवालहरुको जवाफ खोज्न आवश्यक जानकारी प्राप्त गर्ने सन्धर्वमा नै यस अध्ययनलाई समस्याको रुपमा लिईने छ ।

## १.३ अध्ययनको औचित्य

हरेक व्यक्तिको वा पुरै देशको तथा समाजको चौतर्फी विकासको आधार विद्यालय शिक्षा हो । विद्यालय शिक्षावाट नै प्रत्येक व्यक्तिलाई चाहिने आधारभूत ज्ञान शिप हासिल हुने गर्दछ । मानवका लागि स्वतन्त्र, मर्यादित आत्मसम्मानपूर्ण र आत्मनिर्भर मानवीय जीवन निर्वाह गर्न प्राथमिक शिक्षा आवश्यक छ । प्राथमिक तहलाई सर्वसुलभ तथा व्यापक वनाउन सरकारी तथा नीजि दुबै स्रोतवाट भर मग्दुर प्रयास भएता पनि सत प्रतिशत वालवालिकाले यसको लाभ उठाउन सकिरहेका छैनन् । शिक्षाको सम्वन्धमा प्रयोजनवादी दार्शनिक जोन डिवेका अनुसार मानिसलाई सामाजिक वातावरणमा चाहिने मानसिक, वौद्धिक, आर्थिक, धार्मिक , राजनैतिक तथा सास्कृतिक सवै प्रकारका आवश्यकता पुरा गराउन शिक्षाले योगदान गर्नु पर्दछ (शर्मा एण्ड शर्मा २०६१) ।

यस प्रकार समाजका मानिसहरु जवसम्म शिक्षित हुदैनन् तव सम्म शिक्षाको विकास हुन सक्दैन । समाजको विकास कुनै एक पक्षमा मात्र सिमित रहेमा सम्भव छैन, सवै पक्षलाई समेट्न आवश्यक हुन्छ । राष्ट्र र विश्व जगतको विकासका लागि शिक्षाको खाँचो पर्दछ, किन भने निरक्षर र अशिक्षित जनसंख्या नै त्यस देशको अवनतिको संकेत हो । दलित जातिको अझै पनि शिक्षाप्रतिको अस्पष्ट धारणाको कारण उनिहरुको विकास हुन सकेको छैन । वर्षौदेखि सामाजिक भेदभावको कारणले यिनीहरु शिक्षा क्षेत्रमा पछाडि परेका छन् । यस कारण दलित वालवालिकाहरुलाई पूर्णरुपमा शिक्षाको मूलधारमा समाहित गर्नु पर्दछ ।

दशौं योजना (२०५९-०६४) ले समेत साक्षरता, साक्षरोत्तर आयमूलक र जीवनोपयोगी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी विशेषतः पिछडिएका समुदाय तथा महिलाको जीवनस्तर उकास्न लक्ष्य रहेको छ। यस अनुसार सरकारी तथा गैरसरकारी संस्थाहरु समेतले साक्षरता वढाउनका लागि विभिन्न किसिमका अमौपचारिक तथा औपचारिक साक्षरता कार्यक्रमहरु सञ्चालन गराउनुको साथै विद्यालयहरुको भौतिक अवस्था सुधारमा टेवा पु-याएता पनि साक्षारता बृद्धिमा सन्तोषजनक उपलब्धी हुन सकेका छैन। यसै सन्दर्भमा दलित गन्धर्व समुदायका वालवालिकाहरु कसरी शिक्षाको मुलधारमा समाहित हुन सक्छन् र सत् प्रतिशत भर्ना भएकालाई विद्यालयमा नियमित गर्न सकिन्छ भनी यो अध्ययनको औचित्य रहने छ। अध्ययन क्षेत्रको २०६५ र २०६६ सालको शैक्षिक तथ्याङ्कले बिचैमा कक्षा छाड्ने संख्या उल्लेखिय रुपमा रहेको देखिएकाले अध्ययनकर्ताले यस विषयलाई महत्वका साथ लिएर यो अध्ययन गरिएको छ। कुनैपनि क्षेत्रमा गरिने अध्ययन अनुसन्धानको आ-आफ्नै महत्व भएजस्तै यस अनुसन्धानको पनि आफ्नै महत्व छ। विद्यालय भर्ना भएर पनि कक्षा बिचैमा छाड्ने सुविधा बिहिन दलित गन्धर्व वालवालिकाहरुको बारेमा यो अध्ययन गरिने हुँदा शैक्षिक क्षेत्रमा यस अध्ययनको महत्व रहन्छ।

यस अध्ययनले दलित गन्धर्व वालवालिकाहरुले बिचैमा कक्षा छाड्नुको कारण पहिचान गर्ने र समस्या समाधानका लागि सम्भावित उपायहरु पहिल्याउन सहयोग गर्नेछ। यस अधययन क्षेत्रमा गरिने अध्ययनले अन्य ठाँउका दलित वालवालिकाहरुको शैक्षिक स्थिति अध्ययन गर्नमा सहयोग पु-याउनुका साथै शिक्षासंग सम्वन्धित पक्षलाई सहयोग पु-याउने तथा नेपाल सरकार एवम् अन्य सरकारी तथा गैरसरकारी संस्थाहरुलाई यस क्षेत्रमा नयाँनयाँ कार्यक्रमहरु चयन गर्न र कार्यान्वयन गर्नमा मार्गदर्शन गर्ने भएकाले पनि यस अध्ययनको महत्व रहन्छ।

## १.४ अध्ययनको उद्धेश्यहरु

यस अध्ययनका निम्न उद्धेश्यहरु रहेका छन् :

१) गन्धर्व वालवालिकाको विद्यालय भर्नाको स्थिति र सहभागिता पत्ता लगाउनु।

२) गन्धर्व छात्र-छात्राहरुले विचैमा कक्षा छाड्ने दरको लेखाजोखा गर्नु।

३) गन्धर्व विद्यार्थीको अभिभावकहरुको शैक्षिक र आर्थिक अवस्थाको विश्लेषण गर्नु ।

४) गन्धर्व विद्यार्थीहरुले बिचैमा पढाइ छाड्ने कारण र समाधानका उपायहरु खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

क) प्राथमिक उमेर समुहका दलित गन्धर्व वालवालिकाहरुको विद्यालय पहुँचको अवस्था कस्तो छ ?

ख) वालवालिकाले कक्षा छाड्नुका कारणहरु के के हुन सक्छन् ?

ग) गन्धर्व वालवालिकाहरुले अन्य वालवालिका सरह शिक्षामा समान अवसर पाएका छन् त ?

घ) अभिभावकहरुले आफ्ना वालवालिकाहरुलाई विद्यालय पठाउनेबारे कस्तो धारणा राख्दछन् ?

ङ) गन्धर्व वालवालिकाहरुको शिक्षामा पहुँच बढाउने उपायहरु के के हुन सक्छन् ?

च) वालवालिकाले कक्षा छाड्ने समस्या समाधानका लागि के कस्ता उपायहरु अपनाउन सकिन्छ ?

## १.६ अध्ययनको परीसिमा

यस अध्ययन कार्यलाई पूरागर्न झापा जिल्लाको पथरिया गा.वि.स. अन्तर्गत वडा नं. ८ र ९ मा रहेका विद्यालय तहका गन्धर्व वालवालिकाहरु र पथरिया गा.वि.स. भित्र रहेका सामुदायिक विद्यालयहरुमा अधययनरत कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुलाई यस अध्ययनमा सीमित गरिएको छ ।

# परिच्छेद : दुई

## सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

### २.१ सम्वन्धित साहित्यको पुनरावलोकन

पोखरेल (२०६६) ले आफ्नो अनुसन्धानात्मक प्रतिवेदनमा उल्लेख गरे अनुसार बर्षौंदेखि राज्यको शोषण, गरिवि र सामाजिक बञ्चितिको मारमा परेका कारण आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक लगायत हरेक दृष्टिले दलित समुदाय पछि परेको छ । मुलुक भित्रको सवै जातजाति भाषभाषी भएका विभिन्न वर्ग र समुदायको सहभागिता र सहकार्यवाट मात्र देश विकास सम्भव भएता पनि युगौंदेखि दासताको जन्जीरमा जकडीएका दलित जातिको विषयमा २००७ साल भन्दा अगाडी कुनै किसिमको अध्ययन लेख, रचना, पुस्तक आदी प्रकाशन भएको पाइँदैन । २००७ सालको राजनैतिक परिवर्तन पछि शिक्षा विस्तारको साथै जनता चेतनशील हुन थालेपछि दलित सम्वन्धि आवाज उठ्न थालेदेखि नै केही दलितको विषयमा केही प्रकाशन भएको र वि.सं. २०४६ सालको जनआन्दोलनवाट पुनःस्थापित बहुदलिय व्यवस्थामा दलित सम्वन्धि विभिन्न संघसंस्थाको स्थापना र सञ्चार क्षेत्रको द्रुत विकाससंगै दलितलाई सम्वोधन गरेर थुप्रै प्रकाशनहरु हुन थालेका छन् । स्वयम् दलितहरु मध्येवाट नै यस सम्वन्धमा थुप्रै तथ्यहरु, पत्रपत्रिका, पुस्तक, लेखरचना तथा अनुसन्धानात्मक कृतिहरु प्रकाशन हुँदै आएका छन् । यसरी नेपालमा परम्परादेखि पानी नचल्ने भनी अछुत मानिँदै आएका जातीहरुको सामाजिक, साँस्कृतिक, आर्थिक, धार्मिक तथा शैक्षिक विषयमा पुग्दो अध्ययन गरिएको पाँइदैन । यस अध्ययन अन्तर्गत तपसिल अनुसारको अनुसन्धान तथा कृतिहरुको सीमावलोकन गरिएको छ ।

थापा (२०६१) ले आफ्नो अनुसन्धानात्मक प्रतिवेदनमा उल्लेख गरे अनुसार गन्धर्वहरुलाई भक्तपुरको महाँकालमा राजा पृथ्वीनारायण शाहले लगेका थिए । गाइनेहरुले नेपालमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म लोकगीत गाएर आफ्नो परम्परा हालसम्म पनि कायमै राखेको पाइन्छ । यिनिहरु दलित जाती कामी, दमाई सरह मानिन्छन् । कतिपय गाइनेहरु काठमाण्डौमा उनीहरुको मौलिक बाजा सारङ्गीको व्यापार गरी बसेको पाइन्छ । जनकवि

केशरी धर्मराज थापा जो बुटवल चौर, पोखराका हुन्, उनले गाइनेलाई लोकगित गाउनको लागि प्रेरित गरी देशभरी लोक गायकको रुपमा प्रख्यात गराएका थिए । उनले परम्परागत लोकगीत, लोकसाहित्यको संरक्षण गर्नको लागि गाइनेहरुलाई प्रोत्साहित गरे जसको कारण गाइनेहरु गायक वा गन्धर्वको रुपमा परिचित भए । धर्मराज थापाले नै गाइनेलाई गन्धर्व भनी सन् १९५६ मा शुरुवात गराएका थिए ( थापा, २०६१ मा उदृत ) ।

चौधरी (२०६५) ले आफ्नो अनुसन्धानात्मक प्रतिवेदनमा उल्लेख गरे अनुसार शिक्षामा महिला, दलित एवम् पिछडिएका वर्गहरुको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनीहरुको पहुँच बढाउन थप कार्यक्रमहरु सञ्चालन गर्ने जस्तैः अनिवार्य निःशुल्क शिक्षाको व्यवस्था गर्ने सबैका लागि शिक्षा पू-याउने, विशेष सिकाइ आवश्यकता भएका वर्ग जस्तै दलित, अपाङ्गका लागि विशेष शिक्षाको अवधारणा अनुरुप शिक्षाका कार्यक्रमहरु समाहित गरी एकिकृत शिक्षा पद्धतिको विकास गर्ने, शिक्षामा दलित एवम् पिछडिएका वर्गको पहुँच बढाई कक्षा छाड्ने प्रवृत्तिलाई अरु न्युनीकरण गर्न छात्रवृत्तिको राशीलाई बढाई अझ व्यवस्थित गर्नुपर्ने, समग्र शिक्षा प्रणालीका विभिन्न पक्षहरु अध्ययन, अध्यापन, प्रशिक्षण, नीतिनिर्माण एवम् व्यवस्थापनमा ठोस लैङ्गिक सुचाङ्क तयार गरी लैङ्गिक एवम् जातीय सुचाङ्क परिक्षण प्रणाली लागु गर्नुपर्ने देखिन्छ । यी उपरोक्त विचार एवम् पक्षहरुको अलावा विद्यालयमा दलित विद्यार्थी संख्याको भर्नादर एवम् टिकाउदर भएको विद्यालयलाई थप अनुदान एवम् शिक्षकलाई तालिमको व्यवस्था गर्न सके दलित वालवालिकाहरुले बीचैमा कक्षा छाड्ने समस्या न्युनीकरण भई केही वर्षमा नै लक्ष्यमा पुग्न सकिने थियो । नेपालको अन्तरिम संविधान २०६३ मा दलित समूदायको समग्र विकास हुन नसक्नुमा मूल रुपमा उक्त समूदायले आफ्नो सामाजिक, साँस्कृतिक तथा भाषिक पहिचान कायम गर्न नसक्नु नै हो भन्ने ठहर गरेको छ । तद्अनुरुप वर्गीय, जातीय, भाषीक, लैङ्गिक, साँस्कृतिक, धार्मिक तथा क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी, जनजाती, मधेसी, उत्पिडित समूदाय र पिछडीएका क्षेत्रका समस्याहरु सम्बोधन गर्न राज्यको केन्द्रिकृत र एकात्मक ढङ्गको अन्त्य गरी समावेशी, लोकतान्त्रिक, संघिय शासन प्रणाली सहितको अग्रगामी पुःन संरचना गर्ने उल्लेख गरेको छ ।

सो मर्म अनुरुप दलित समूदायलाई राज्यको मूल प्रवाहमा समावेश गर्न राजनैतिक, आर्थिक, सामाजिक, र साँस्कृतिक अधिकारको समानुपातिक उपभोगको लागि सक्रिय भूमिक एवम् अवसर प्रदान गर्न आवश्यक भएको कुरा उल्लेख गरिएको छ । उक्त तथ्यलाई ध्यानमा राखी ३ बर्षिय अन्तरिम योजना (२०६४-२०६७) मा हालको ५ वर्ष माथिको साक्षरतादर ६३ प्रतिशत् ( दशौं योजनाको उपलब्धि ) रहेकोमा योजनाको अन्त्यमा ७६ प्रतिशत् पु-याउने लक्ष्य राखिएको छ । जसका लागि दलित तथा सुविधा विहिन वर्गका लागि विशेष शैक्षिक नीति तथा कार्यक्रमहरु तय गरी कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ( चौधरी, २०६५ मा उदृत ) ।

रोजगारीको क्षेत्रमा आरक्षण दिनु भन्दा पहिले शैक्षिक क्षेत्रमा आरक्षणको व्यवस्था गर्नु अनिवार्य छ । यदि शिक्षामा राम्रो अवसर पाएको छ भने रोजगारीको क्षेत्रमा सजिलै उसले प्रतिस्पर्धा गर्नसक्छ । नेपालमा अहिलेसम्म पनि आफ्ना छोराछोरीहरुलाई डक्टर, इन्जिनियर बनाउने भावनामा कमी नआएको र यस पेशामा लाग्नेहरुलाई समाजले पनि विशेष सम्मान दिने हुनाले पनि दलितहरुलाई सामाजिकरणको दृष्टिकोणवाट पनि बढी भन्दा बढी दलितहरुलाई समावेश गराउनु जरुरी छ ( दलित आयोग, २०६२/०६३ मा उदृत ) ।

कोइराला (२०६४)का अनुसार सामाजिक असमानता किन हुन्छ र कसरी दलित बन्छ ? किन दलितहरु विद्यालयमा पढ्न आएनन् ? विद्यालयप्रति दलितको दृष्टिकोण के हो ? सामाजिक असमानता धनी र गरिववाट हुन्छ । धनी माथिल्लो जात बन्छ, गरिव तल्लो जात बन्छ भनेर माक्सलाई उदृत गरिएको छ । धन, शक्ति र सामाजिक प्रतिष्ठा हुने व्यक्ति माथिल्लो र त्यसको विपरीत हुने तल्लो जातको हुन्छ भनी म्याक्स् वेभर (सन् १९४५) लाई उदृत गरिएको छ । यस्तै अन्य थुप्रै कारणहरु अधिकार, सुविधा, इज्जत, शिक्षा, सम्पति, उमेर, पेशा, धर्म, संस्कृति आदिको भिन्नताले पनि असमानताको स्थिति सृजना हुने गरेको छ । यही असमानताले दलित एवम् अछुतको भावना बढाएको स्थिति देखाइएको छ । दलितहरु विद्यालय नआउने कारण गरिवि, सामाजिक संस्कार, पाठ्यक्रम-पाठ्यपुस्तक, शिक्षा र विद्यालय दलित समुदायसंग मिल्दा नहुनुका कारण दलितहरु विद्यालय आउँदैनन् आइहाले पनि बिचैमा छोड्नेको

संख्या अधिक देखिन्छ । विद्यालय प्रति हाल उनीहरुको दृष्किोण सकारात्मक बन्दै गएको देखिन्छ । पढ्नु पर्छ र पढाउनु पर्छ भन्ने संस्कारको विकास गर्ने तर्फ उन्मुख छ । उपयुक्त अवस्थाको सुधारको निमित्त अध्ययनकर्ताले दिएको मुख्य सुझावहरु पढ्नु पढाउनु पर्छ भन्ने संस्कृतिको स्थापना गर्न व्यापक प्रचार प्रसार गर्नु जरुरी छ । यसरी नै विशेष कार्यक्रम लागु गरि दलित समुहलाई अवसर दिनु पर्दछ । छूवाछूत जस्ता कुसंस्कारहरुलाई हटाउनलाई विशेष अभियान सञ्चालन गर्नुपर्दछ । सामाजिक विभेद बढाउने धार्मिक ग्रन्थ, पुस्तक, लेख रचना र अन्य सञ्चारका साधनहरुलाई निश्तेज पु-याउनु पर्दछ । यो रचनाले जातीय छूवाछूत सामाजिक विभेदको विरुद्धमा उठाइएको कलमले निःसन्देह दलित वालवालिकाहरुको विद्यालय शिक्षामा निरन्तर सहभागितामा वृद्धि हुने विश्वास गरिएको छ ।

चौधरी (२०६५) का अनुसार विद्यालयमा शैक्षिक सामाग्री एवम् भौतिक सुविधाको उपयुक्त व्यवस्था नभएको खण्डमा गुणस्तरिय शिक्षाको कल्पना पनि गर्न सकिंदैन त्यस कारण विद्यालय शिक्षासंग सम्वन्धित सरोकारवाला सबैले दलित वालवालीका हरुको बढ्दो कक्षा छाड्ने दरलाई ध्यानमा राखी आवश्यकता अनुसार शैक्षिक सामाग्री एवम् भौतिक पक्षको व्यवस्थापनमा सहयोग पु-याई, शिक्षण शिकाइका लागि उपयुक्त वातावरण सृजना गरि वालवालिकाहरुलाई विद्यालयमा नियमित गराउन तथा तह पूरा गराउन टेवा पु-याउनु पर्ने देखिन्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्यायमा सिद्धान्तको रुपमा संरचनात्मक कार्यवाद सिद्धान्त र द्वन्द्वात्मक सिद्धान्तलाई यस अध्ययन पूरा गर्नको लागि लिइएको छ ।

कोइराला र ढकाल (२०६४) का अनुसार कुनैपनि वस्तुको इतिहास जानेर, बुझेर मात्र त्यस वस्तुको कार्यविधि वारेमा बुझ्न सकिंदैन । कुने वस्तुको कार्यविधि बुझ्नका लागि त्यस वस्तुको संरचनाका अङ्गहरु एक आपसमा कसरी कार्य गर्दछन् भन्ने कुरा बुझ्नु पर्दछ भन्ने दृष्टिकोण राखेर संरचनात्मक कार्यवाद सिद्धान्तको विकास भएको पाइन्छ । यस सिद्धान्तका प्रणेता अगस्टे कम्टे ( सन् १७९८-१८५७ ) लाई मानिन्छ । सिद्धान्तका अन्य पक्षपातीहरुमा हरवर्ट स्पेनसर ( सन् १८२० -१९०३ ), इमाइल दुरखिम ( सन् १८५८ -१९१७ ) रहेका छन् । यस सिद्धान्तका पक्षधरहरुको भनाइमा समाजका विभिन्न अवयव अङ्गहरु हुन्छन् ति प्रत्येकको

आफ्नो भूमिका हुन्छ । ति प्रत्येक एक अर्कासंग अन्तरसम्वन्धित हुन्छन्, ति अङ्गहरु मध्ये कुनै एक अङ्ग कमजोर भएमा सामाजिक संयन्त्रमा अभाव एवम् सुसञ्चालनमा बाधा हुन्छ । वर्तमान समयमा ठीक त्यही ढङ्गवाट नेपाली समाज पिरोलिएको अवस्था छ । यो अवस्थाको सृजना मुलुकका आफ्ना नागरिकहरुप्रति नै विभेद अपनाउादै आएको रुढीवादी संस्कृति, परम्परा र मान्यताहरुले दलित अथवा शोषित पिडित जनताहरुको बर्ग स्थापित हुन मद्दत पु-यायो । त्यसैले यो वर्ग समाजमा कमजोर हुन पुग्यो जसले गर्दा समाज सुव्यवस्थित ढङ्गवाट सञ्चालित हुन नसकिरहेको अवस्था हामी देखिरहेका छौं ( ढकाल र कोइराला, २०६४ मा उदृत ) ।

यस सन्दर्भमा थापा (२०६१) ले दलित गन्धर्व समुदायले आफुलाई सदियौंदेखि विभेदपूर्ण निति अपनाएर पछि पारिएको अवस्थाको अनुभुत गरेर वर्तमानमा अधिकारको निमित्त मागहरु भइराखेका छन् । यस अवस्थामा राज्यले र अन्य जिम्मेवार सरोकार समूहहरुले दलित गन्धर्वहरुको उत्थानको निमित्त सशक्तिकरणको माध्यमवाट सक्षम बनाए मात्र संरचनात्मक कार्यवाद सिद्घान्त अनुसार समाज सञ्चालनमा बाधा नभई अगाडि बढ्न सकिनेछ ( थापा, २०६१ मा उदृत ) ।

कोइराला र ढकाल (२०६४) का अनुसार जर्मन दार्शनिक कार्ल मार्क्स ( सन् १८१८ - १८८३ ) द्वन्द सिद्धान्तका प्रवर्तक एवम् प्रणेता हुन् । उनका अनुसार उत्पादनका साधन नियन्त्रण तथा असमान वितरण प्रणालीमा आधारित छ अर्थात् आर्थिक कारणले गर्दा समाजमा वर्ग निर्माण हुन्छ । आर्थिक कारणले नै समाजमा विभेदीकरण हुन्छ । मार्क्सका अनुसार समाज विकासको इतिहास केलाउँदा समाजको विकास द्वन्द्वमय ढङ्गवाट भइरहेको छ । समाजको सम्पूर्ण सम्पतिमा एकाधिकार जमाउने वर्ग र बाँच्नका लागि श्रम बेच्ने वर्गका बीचमा उत्पादन प्रणाली र वितरण न्यायपूर्ण हुन नसक्नु नै द्वन्द्वको प्रमूख कारण हो । यही द्वन्द्वले समाजमा सङ्घर्ष निम्त्याउँदछ र समाज परिवर्तन हुन्छ । अर्थिक कारणले नै समाजमा विभेदीकरण हुन्छ भन्ने ठम्याई मार्क्सको हो । मार्क्सका अनुसार गतिशिलता समाजको प्रमुख विशेषता हो । यो गतिशिलता जाति विस्तार हुन्छ त्यति नै द्वन्द्व विस्तारित हुन्छ र द्वन्द्वले समाजमा परिवर्तन र विकास हुन्छ । त्यसकारण गतिशिलतालाई अवरुद्ध पारी यथास्थितिमा समाजलाई राख्न खोज्नु एउटा दुस्टता मात्र हुन्छ । समाजमा हुने विभेदीकरण  समाजको पिलो हो यसलाई सुम्सुम्याउनु

भन्दा फुटाउनु नै श्रेष्ठकर हुन्छ । समाजमा वर्गहरुलाई मिलाएर लानु, आपसी सम्झौता गराउनु भनेको पिलो सुम्सुम्याउनु जस्तै हो । यसले समाजको गतिशिलता र विकासको गतिलाई रोक्दछ । सामाजिक विकास गर्न न्यायपूर्ण उत्पादन प्रणाली र वितरण सम्वन्ध स्थापना गर्न समाजमा भएका वर्गहरु बीच द्वन्द्व हुनु स्वभाविक छ । द्वन्द्व नै समाज विकासको मार्ग हो भन्ने आशय द्वन्द्व सिद्धान्तको हो । समाजमा प्रत्येक व्यक्तिमा आफ्नै इच्छा, चाहना र आवश्यकता हुन्छन् । त्यो पूरा गर्न आपसमा तानातान हुन्छ । आपसी विरोध हुन्छ । जब स्वार्थ बाझिन्छ । त्यहाँ विरोध हुन्छ । विरोध नै द्वन्द्व हो । द्वन्द्व व्यक्ति-व्यक्तिमा, व्यक्ति-समूहमा, समूह-समूहमा जहाँ पनि हुन सक्छ । द्वन्द्व वर्ग-वर्ग बीच पनि हुन्छ । मार्क्सका अनुसार द्वन्द्व आर्थिक असमानता वा वितरण प्रणालीमा भएको असमानताले निम्त्याउँदछ । राल्फ डाहेन्डफका अनुसार द्वन्द्व शक्ति हुने, कानून अधिकार हुने र त्यो प्राप्त गर्न नसक्ने बीचमा हुन्छ । द्वन्द्वले सङ्घर्ष निम्त्याउँदछ, सङ्घर्षले परिवर्तन ल्याउँदछ । समाजमा परिवर्तन पनि सङ्घर्षकै कारणले हुने हो भन्ने आशय द्वन्द्व सिद्धान्तवादीहरुको हो ( ढकाल र कोइराला, २०६४ मा उदृत ) ।

## २.३ अध्ययनको शैक्षिक उपादेयता

यस अध्ययन कार्यलाई सहजताका साथ अघि बढाउन प्रयोग गरिएका अध्ययनको सैद्धान्तिक ढाँचा र सम्वन्धित साहित्यले गन्धर्व वालवालिकाले प्राथमिक तह पूरा नगरी बीचैमा कक्षा छोड्नुको तथ्यलाई यस अध्ययनको मूख्य आधार बनाइएको छ । यसरी दलित गन्धर्व विद्यार्थीहरुले अध्ययन पूरा नगरी किन बीचैमा कक्षा परित्याग गर्छन होला ? यस समस्या समाधानका लागि के कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ ? भन्ने जस्ता विषय क्षेत्रलाई आधार बनाई दलित गन्धर्व विद्यार्थीप्रति लक्षित गरेर खासै अध्ययन, अनुसन्धान नगरिएकाले यो अध्ययन गरिएको हो । विद्यालय भर्ना भएर पनि कक्षा बीचैमा छाड्ने सुविधा विहिन दलित गन्धर्व वालवालिकाहरुको बारेमा यो अध्ययन गरिने हुँदा शैक्षिक क्षेत्रमा यस अध्ययनको उपादेयता रहेको छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

दलित गन्धर्व विद्यार्थीहरुले तह पूरा नगरी बिचमै कक्षा छाड्ने प्रवृतिको कारणहरुको अध्ययनको लागि अन्तरवार्ता, प्रश्नावली, अवलोकनवाट प्राप्त सूचना तथा तथ्याङ्क विश्लेषणका लागि गुणात्मक र वर्णनात्मक अनुसन्धानात्मक ढाँचा प्रयोग गरिएको छ ।

## ३.२ तथ्याङ्क संकलन प्रकृया

यस शोधअध्ययनलाई पूरा गर्नका निमित्त निम्न अनुसारको जनसंख्या नमूना छनौटको आकार, नमूना छनौट विधि, नमूना छनौटको आधार, अनुसन्धानका साधनहरु र तथ्याङ्क संकलनको स्रोतहरुको प्रयोग गरी यस शोधकार्यलाई पूरा गरिएको छ ।

### ३.२.१ जनसंख्या

यस अध्ययनको जनसंख्या क्षेत्रको हकमा पथरिया गा.वि.स. वडा नं. ८ र ९ मा बसोबास गर्ने गन्धर्व समूदायका विद्यार्थीहरुलाई अध्ययनको लागि जनसंख्याको रुपमा रहेका छन् ।

### ३.२.२ नमूनाको आकार

झापा जिल्ला पथरिया स्रोतकेन्द्र अन्तरगतका १८ वटा सामूदायिक विद्यालय मध्ये गन्धर्व वालवालिका अध्ययनरत जम्मा तीनवटा सामुदायिक विद्यालयलाई छनौट गरी उक्त विद्यालयहरुवाट ३ जना प्र.अ., ३ जना वि.व्य.स. अध्यक्ष तथा ३ जना पि.टि.ए. अध्यक्ष, १२ जना शिक्षक, ६ जना दलित नेता, १५ जना अभिभावक, २१ जना विद्यार्थी गरी जम्मा ६३ जनालाई यस अध्ययनको नमूनाको आकार मानिएको छ ।

**तालिका एक, नमूना छनौटको आकार**

| क. सं. | विद्यालय | वि.व्य.स. तथा पि.टि.ए. अध्यक्ष | प्र.अ. | शिक्षक | दलित नेता | अभिभावक | विद्यार्थी |
|---|---|---|---|---|---|---|---|
| १. | पथरिया उ.मा.वि. | १ + १ = २ | १ | ४ | २ | ५ | ७ |
| २. | ल.प्र.दे. मा.वि. | १ + १ = २ | १ | ४ | २ | ५ | ७ |
| ३. | आदर्श प्रा.वि. | १ + १ = २ | १ | ४ | २ | ५ | ७ |
| | जम्मा | ३ + ३ = ६ | ३ | १२ | ६ | १५ | २१ |

स्रोत : स्थलगत सर्बेक्षण, २०६७

### ३.२.३ नमूना छनौट विधि

यस अध्ययन कार्यलाई पूरा गर्न अनुसन्धानकर्ताले उद्धेश्यमूलक नमूना छनौट विधिलाई यस अध्ययनको मूख्य विधि मानिएको छ । पथरिया स्रोतकेन्द्र अन्तरगतका ३ वटा सामूदायिक विद्यालयका प्र.अ.हरु, वि.व्य.स.का अध्यक्षहरु, पि.टि.ए. का अध्यक्षहरु, १२ जना शिक्षकहरु, ६ जना दलित नेताहरु, १५ जना अभिभावकहरु र २१ जना विद्यार्थीहरुलाई नमूनाको रुपमा लिइएको छ ।

### ३.२.४ नमूना छनौटको आधार

यस शोध अध्ययनको नमूना छनौटको आधारमा आफ्नै अनुभव, भौगोलिक सुगमता, दुर्गमता र साधन स्रोतको सम्पन्नता र विपन्नतालाई अध्ययनकर्ताको समय सीमा भित्र रही नमूना छनौट गरिएको छ । यसैगरी तथ्याङ्कको विश्वसनियता, वैद्यता, संकलनमा सजिलोको लागि पनि नमूनाको छनौटको आधार बनाइएको छ ।

### ३.३ अनुसन्धानका साधनहरु

यस अध्ययन कार्यलाई पूरा गर्न आवश्यक पर्ने तथ्याङ्क संकलनका लागि निम्नानुसार अनुसनधानका साधनलाई प्रयोग गरिएको छ ।

(क) प्रश्नावली :

यस अध्ययन पूरा गर्नको लागि प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थीहरुलाई प्रश्नावली तयार गरी अध्ययन गरिएको छ ।

(ख) अन्तरवार्ता :

यस अध्ययन पूरा गर्नको लागि प्र.अ., शिक्षक, अभिभावक, दलित नेता, विद्यार्थीहरुसंग अन्तरवार्ता लिइएको छ ।

(ग) अभिलेख :

यस अध्ययन पूरा गर्नको लागि विद्यालय, स्रोतकेन्द्र तथा गा.वि.स.वाट तथ्यगत अभिलेखहरु लिइएको छ ।

(घ) अवलोकन :

यस अध्ययन पूरा गर्नको लागि सम्बन्धित ठाउँमा गई स्थलगत अवलोकन तथा निरीक्षण गरी सही तथ्याङ्क टिपोट गरिएको छ ।

### ३.४ तथ्याङ्क संकलनका स्रोतहरु

यस अध्ययनलाई आवश्यक पर्ने तथ्याङ्कहरु निम्न स्रोत र प्रकृयावाट संकलन गरिएको छ ।

#### ३.४.१ प्राथमिक स्रोत

यस स्रोतका निम्ति अनुसूचीमा उल्लेखित अध्ययन कार्यका लागि तथ्याङ्क संकलनका साधनहरुद्धारा लक्षित व्यक्ति तथा समूह, प्र.अ. तथा शिक्षक, वि.व्य.स. तथा पि.टि.ए. अध्यक्ष, स्रोतव्यक्ति, दलित नेता, अभिभावक र विद्यार्थीहरुसंग आवश्यकता अनुसार व्यक्तिगत बन्द र खुल्ला प्रश्नहरुद्धारा अध्ययनलाई वास्तविक बनाउने प्रयत्न गरिएको छ ।

### ३.४.२ द्धितिय स्रोत

यस स्रोत अन्तरगत छनौटमा परेका विभिन्न रेकर्ड, पुस्तक, स्मारिका, अनुसन्धान प्रतिवेदन, अनुसन्धानात्मक लेख, विभिन्न विद्धानका पुस्तकहरु, राष्ट्रिय दलित आयोगका प्रतिवेदन र विभिन्न पत्रपत्रिका आदिवाट उपलब्ध भएका सुचना तथा तथ्याङ्कहरु प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

यस शोधकार्यलाई पूर्ण बनाई अपेक्षित उद्देश्य प्राप्त गर्न प्राथमिक र द्धितीय स्रोतवाट तथ्याङ्कलाई आवश्यकता अनुसार तालिकीकरण र वृत्तचित्रमा प्रस्तुत गरी प्रस्तुति, विश्लेषण र व्याख्या गरिएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

## ४.१ प्रस्तुति र व्याख्या

सामुदायिक विद्यालयमा अध्ययन गर्ने गन्धर्व दलित विद्यार्थीहरुले तह पूरा नगरी बिचैमा कक्षा छाड्नुका कारणहरुको अध्ययनका क्रममा शोधार्थीद्धारा झापा जिल्लाका पथरिया स्रोतकेन्द्र अन्तर्गत रहेका श्री पथरिया उ.मा.वि., श्री लक्ष्मी प्रसाद देवकोटा मा.वि. र श्री आदर्श प्रा.वि. गरी तिनवटा सामुदायिक विद्यालयलाई उद्देश्यमूलक नमूना छनौट विधिका आधारमा अध्ययन क्षेत्रका रुपमा रहेका छन् । यसै सन्दर्भमा अध्ययन क्षेत्र अन्तर्गतका प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थी मध्ये २०६४ र २०६५ मा कक्षा छाड्ने दलित गन्धर्व विद्यार्थी विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

### ४.१.१ अध्ययन क्षेत्रको कक्षा छाड्ने दलित गन्धर्व विद्यार्थी विवरण

पथरिया स्रोतकेन्द्र अन्तरगत रहेका तीनवटा सामूदायिक विद्यालयका कक्षा १ देखि ५ सम्म अध्ययनरत सम्पूर्ण विद्यार्थी र दलित गन्धर्व विद्यार्थीहरुको २०६४ र २०६५ मा कक्षा छाड्नेको तथ्याङ्क यस प्रकार रहेको छ ।

**तालिका २, अध्ययन क्षेत्रको कक्षा छाड्ने दलित गन्धर्व विद्यार्थी विवरण**

| कक्षा | सम्पूर्ण विद्यार्थी | | दलित गन्धर्व विद्यार्थी | |
|---|---|---|---|---|
| | २०६४ | २०६५ | २०६४ | २०६५ |
| १ | २४ | २२ | ११ | १२ |
| २ | १२ | ११ | ९ | १० |
| ३ | १३ | १० | ७ | ८ |
| ४ | ९ | १२ | ३ | ४ |
| ५ | १० | ११ | २ | ३ |
| जम्मा | ६८ | ६६ | ३२ | ३५ |

श्रोत : पथरिया स्रोत केन्द्र, २०६६

माथिको तालिकालाई विशलेषण गर्दा अन्य जातिको तुलनामा दलित गन्धर्व विद्यार्थीले संख्यात्मक रुपमा बढी कक्षा छाड्ने गरेको तथ्य तालिका २ ले देखाउँछ । यसरी उक्त अवस्थाको सृजना के-कति कारणले भएको हो सो पत्ता लगाउन र त्यसको समाधानका लागि के-कस्ता उपायहरु अवलम्वन गर्न सकिन्छ भन्ने विषयलाई आधार बनाई यस अध्ययनलाई अगाडी बढाउने प्रयास गरिएको छ ।

झापा जिल्लाको जम्मा जनसंख्या, पथरिया गा.वि.स.को जनसंख्या तथा यसमध्ये पनि दलित गन्धर्वहरुको जनसंख्या, छनौट गरिएको ३ वटा विद्यालयमा भर्ना भएका दलित गन्धर्व विद्यार्थीहरुको संख्या, परीक्षामा सम्मिलित दलित गन्धर्व विद्यार्थी, परीक्षा नदिने विद्यार्थी र बिचैमा विद्यालय छाड्नेहरुको लब्धाङ्क तथा उक्त अध्ययन क्षेत्रका ३ जना प्र.अ., १२ जना शिक्षक, १५ जना गन्धर्व अभिभावक, २१ जना कक्षा छाडेका दलित गन्धर्व वालवालिकाहरु, गैर सरकारी संस्था, गा.वि.स., स्रोतकेन्द्र आदिबाट प्राप्त तथ्याङ्कहरुलाई निम्नानुसारको कममा प्रस्तुत गरिएको छ ।

### ४.१.२ झापा जिल्ला र पथरिया गा.वि.स.को लिङ्गगत जनसंख्या

झापा जिल्ला र पथरिया गा.वि.स.को जनसंख्याको विवरण जनस्वास्थ्य कार्यालय झापाबाट प्राप्त तथ्याङ्क यस तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३, झापा जिल्ला र पथरिया गा.वि.स.को लिङ्गगत जनसंख्या**

| क.सं. | विवरण | जम्मा | पुरुष | महिला | पुरुषको प्रतिशत् | महिलाको प्रतिशत् |
|---|---|---|---|---|---|---|
| १. | झापा जिल्ला | ८,५२,७८४ | ४,१७,८६४ | ४,३४,९२० | ४९ | ५१ |
| २. | पथरिया गा.वि.स. | ११,०३९ | ५,४६४ | ५,५७५ | ४९.५ | ५०.५ |

श्रोत : जनस्वास्थ्य कार्यालय, झापा

तालिका ३ लाई विश्लेषण गर्दा झापा जिल्ला पथरिया गा.वि.स. को जनसंख्याको तुलनात्मक अध्ययन गर्न सहयोग गर्दछ । झापा जिल्लामा पुरुषको जनसंख्या ४९ प्रतिशत् र महिलाको जनसंख्या ५१ प्रतिशत् रहेको छ । उक्त तथ्याङ्कको आधारमा झापा जिल्लामा महिला भन्दा पुरुषको जनसंख्या १ प्रतिशत्ले कम रहेको छ ।

### ४.१.३ झापा जिल्ला पथरिया गा.जि.स.को लिङ्गगत दलित गन्धर्वको जनसंख्या

झापा जिल्ला र पथरिया गा.वि.स. वडा नं. ८ र ९ मा बसोबास गर्ने दलित गन्धर्वहरुको जनसंख्या विवरणलाई निम्न तालिकामा प्रस्तुत गरिरएको छ ।

**तालिका ४, झापा जिल्ला पथरिया गा.वि.स.को लिङ्गगत दलित गन्धर्वको जनसंख्या**

| क.सं. | विवरण | जम्मा | प्रतिशत् | पुरुष | महिला | पुरुष प्रतिशत् | महिला प्रतिशत् |
|---|---|---|---|---|---|---|---|
| १. | झापा जिल्ला | ७११ | १०० | ३८० | ३३१ | ५३.४५ | ४६.५५ |
| २. | पथरिया गा.वि.स. | ६७८ | १०० | ३५२ | ३२६ | ५१.९२ | ४८.०८ |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

यो शोधकार्य गन्धर्व जातिसँग सम्वन्धित भएकाले दलितको जनसंख्या पहिचान गर्न आवश्यक हुन्छ । झापा जिल्लाको जनसंख्या हेर्दा पुरुषको ५३.४५ प्रतिशत् र महिलाको जनसंख्या ४६.५५ प्रतिशत् रहेको छ । जहाँ महिलाको भन्दा पुरुषको जनसंख्या ६.९ प्रतिशत्ले बढि रहेको छ । यस जिल्लाको जम्मा जनसंख्या मध्ये दलित गन्धर्वहरुको जनसंख्या ०.८३३ प्रतिशत् रहेको देखिन्छ । यसैगरी पथरिया गा.वि.स. वडा नं. ८ र ९ मा बसोवास गर्ने गन्धर्वहरुको जनसंख्या हेर्दा पुरुषको ५१.९२ प्रतिशत् र महिलाको जनसंख्या ४८.०८ प्रतिशत् रहेको छ । जहाँ महिलाको भन्दा पुरुषको जनसंख्या ३.८४ प्रतिशत्ले बढी रहेको देखिन्छ ।

उक्त तथ्याङ्कलाई निम्न अनुसार वृत्त चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र एक, दलित गन्धर्वको जनसंख्या**

### ४.१.४ अध्ययन क्षेत्रको प्राथमिक तहको विद्यार्थी विवरण

झापा जिल्ला पथरिया स्रोतकेन्द्र अन्तरगत रहेका सामूदायिक विद्यालयहरु श्री पथरिया उच्च मा.वि., श्री लक्ष्मी प्रसाद देवकोटा मा.वि. र श्री आदर्श प्रा.वि.का प्राथमिक तहमा अध्ययनरत कूल विद्यार्थी र कक्षा छोड्ने विद्यार्थीको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५, अध्ययन क्षेत्रको प्राथमिक तहको विद्यार्थी विवरण**

| कक्षा | कूल भर्ना | | परीक्षामा सम्मिलित | | कक्षा छाड्ने | | कक्ष छाड्ने प्रतिशत् | |
|---|---|---|---|---|---|---|---|---|
| | २०६५ | २०६६ | २०६५ | २०६६ | २०६५ | २०६६ | २०६५ | २०६६ |
| १ | २५४ | २३६ | २३० | २०८ | २४ | २२ | ९.४५ | ९.३६ |
| २ | २११ | २०६ | १९९ | १९५ | १२ | ११ | ५.६९ | ५.३४ |
| ३ | १९६ | १९२ | १८८ | १७७ | १३ | १० | ६.६३ | ५.२१ |
| ४ | १८२ | १८५ | १७३ | १७३ | ९ | १२ | ४.९५ | ६.४९ |
| ५ | १५३ | १४० | १४३ | १२९ | १० | ११ | ६.५४ | ७.८६ |
| जम्मा | ९६६ | ९५९ | ९३३ | ८८२ | ६८ | ६६ | ६.८३ | ६.८८ |

श्रोत : विद्यालयको अभिलेख, २०६७

तालिका ५ लाई विश्लेषण गर्दा विद्यालय भर्नामा घट्दो अवस्था रहेको पाइन्छ । २०६५ सालको भन्दा २०६६ सालको विद्यार्थी संख्यामा कक्षा १,२,३,५ मा क्रमशः १८,५,४,१३ जनाले कमी आएको पाइयो भने कक्षा ४ मा मात्र ३ जना विद्यार्थी बढेको पाइयो । परीक्षामा सम्मिलित हुने विद्यार्थीमा पनि कक्षागत रुपमा क्रमशः २२,११,१०,१२,११ ले न्यून रहेको पाइयो । त्यस्तै कक्षा छाड्ने अवस्था हेर्दा कक्षा ४ र ५ मा १.५४ प्रतिशतले बढेको पाइयो भने कक्षा १,२,३,५ मा क्रमशः ०.२३, ०.३५, १.४२ र प्रतिशत्ले घटेको पाइयो ।

### ४.१.५. दलित गन्धर्व विद्यार्थीहरुको विवरण

झापा जिल्ला पथरिया स्रोतकेन्द्र अन्तरगत रहेका सामूदायिक विद्यालयहरु श्री पथरिया उच्च मा.वि., श्री लक्ष्मी प्रसाद देवकोटा मा.वि. र श्री आदर्श प्रा.वि.का प्राथमिक तहमा अध्ययनरत दलित गन्धर्व विद्यार्थीको कूल भर्ना, परीक्षामा सम्मिलित र कक्षा छोड्ने विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६, दलित गन्धर्व विद्यार्थीहरुको विवरण**

| कक्षा | कूल भर्ना | | परीक्षामा सम्मिलित | | कक्षा छाड्ने | | कक्षा छाड्ने प्रतिशत् | |
|---|---|---|---|---|---|---|---|---|
| | २०६५ | २०६६ | २०६५ | २०६६ | २०६५ | २०६६ | २०६५ | २०६६ |
| १ | ७३ | ७८ | ६२ | ६६ | ११ | १२ | १५.०६ | १५.३८ |
| २ | ६३ | ५७ | ५४ | ४७ | ९ | १० | १४.२८ | १७.५४ |
| ३ | ५२ | ६८ | ४५ | ६० | ७ | ८ | १३.४६ | ११.७६ |
| ४ | ४३ | ३९ | ४० | ३५ | ३ | ४ | ६.९७ | १०.२५ |
| ५ | ३७ | ४३ | ३५ | ४० | २ | ३ | ५.४० | ६.९७ |
| जम्मा | २६८ | २८५ | २३६ | २४८ | ३२ | ३५ | ११.९४ | १२.२८ |

श्रोत : विद्यालय अभिलेख, २०६७

तालिका ६, लाई विश्लेषण गर्दा विद्यालयमा भर्ना भएका, वार्षिक परीक्षामा सम्मिलित भएका र कक्षाको पढाइ पूरा नगरी बिचैमा कक्षा छाड्ने दलित गन्धर्व विद्यार्थीको स्थिति प्रस्तुत गरिएको छ । २०६५ सालको तथ्याङ्क अनुसार कक्षा १ मा कूल विद्यार्थी संख्या २६८ मध्ये ७३ जना, कक्षा २ मा ६३ जना, कक्षा ३ मा ५२ जना, कक्षा ४ मा ४३ जना र कक्षा ५ मा ३७ जना दलित गन्धर्व विद्यार्थी रहेका छन् । त्यसैगरी २०६६ सालको तथ्याङ्क अनुसार कक्षा १ मा कूल भर्ना भएका विद्यार्थीहरु मध्ये ७८ जना, कक्षा २ मा ५७ जना, कक्षा ३ मा ६८ जना, कक्षा ४ मा ३९ जना र कक्षा ५ मा ४३ जना गन्धर्व विद्यार्थीहरु रहेका छन् ।

परीक्षामा सामेल हुने २०६५ सालको विद्यार्थी संख्या कक्षा १ मा ७३ मध्ये ६२ जना, कक्षा २ मा ६३ मध्ये ५४ जना, कक्षा ३ मा ५२ मध्ये ४५ जना, कक्षा ४ मा ४३ मध्ये ४० जना र कक्षा ५ मा ३७ जना मध्ये ३५ जना परीक्षामा सामेल भएको पाइयो । त्यसैगरी २०६६ सालमा परीक्षामा सामेल भएका गन्धर्व वालवालिका क्रमशः कक्षा १ मा ७८ जना मध्ये ६६ जना, कक्षा २ मा ५७ जना मध्ये ४७ जना, कक्षा ३ मा ६८ जना मध्ये ६० जना, कक्षा ४ मा ३९ जना मध्ये ३५ र कक्षा ५ मा ४३ जना मध्ये ४० जना सामेल भएका थिए ।

विद्यालय छाड्ने विद्यार्थीहरुको तथ्याङ्क २०६५ सालमा क्रमशः कक्षा १ मा ११ जना, कक्षा २ मा ९ जना, कक्षा ३ मा ७ जना, कक्षा ४ मा ३ जना र कक्षा ५ मा २ गरी जम्मा ३२ जनाले कक्षा छाडेको देखिन्छ जुन दलित विद्यार्थीहरुको ११.९४ प्रतिशत् हुन जान्छ । त्यस्तै २०६६ सालमा बिचैमा कक्षा छाड्ने विद्यार्थीहरुको तथ्याङ्क क्रमशः कक्षा १ मा १२ जना, कक्षा २ मा १० जना, कक्षा ३ मा ८ जना, कक्षा ४ मा ४ जना र कक्षा ५ मा ३ जना गरी जम्मा ३५ जनाले कक्षा छोडेको देखिन्छ जुन २०६६ सालमा भर्ना भएका जम्मा गन्धर्व वालवालिकाको १२.२८ प्रतिशत हुन आउँछ ।

यसरी कतिपय कक्षाहरुमा कक्षा परित्याग गर्ने दरमा बृद्धि हुनु वास्तवमा सबैका लागि चुनौतिको विषय भएको छ । यसले सन् १९९० मा भएको जोम्तेन सम्मेलनको “सबैका लागि शिक्षा” र सेनेगलको डकार गुरुयोजनालाई चुनौति दिएको छ । समाहित शिक्षाको अवधारणालाई पनि कमजोर बनाएको छ । तसर्थ दलित गन्धर्व विद्यार्थीहरुको शैक्षिक स्तर उकास्न सबैले यस विषय उपर ध्यान दिनै पर्ने अवस्था देखिन्छ ।

गन्धर्व जातिका वालवालिकाको विद्यालय भर्नाको स्थितिलाई विश्लेषण गर्दा विद्यालयमा भर्ना भएका विद्यार्थीहरुमा अत्यधिक रुपमा गन्धर्व वालवालिकाहरुको उपस्थिति देखिन्छ । यसले के स्पष्ट गर्छ भने अगस्टे कम्टे (१७९८-१८५७) ले उल्लेख गरे जस्तै समाजमा भएका मानिसहरु सबैको बराबरी उत्थान हुनुपर्छ भन्ने सिद्धान्तसंग मेल खाएको देखिन्छ । यसैगरी चौधरी (२०६५) ले उल्लेख गरेजस्तै दलित तथा सुबिधा विहिन वर्गका लागि विशेष शैक्षिक नीति अपनाई कार्यान्वयनमा ल्याउनु पर्ने कुरा उल्लेख भए अनुसार अध्ययन क्षेत्रमा दलित भनिएका गन्धर्व जातिका वालवालिकाहरुको विद्यालयमा उपस्थिति राम्रो देखिएको छ । यसबाट के पुष्टि हुन्छ भने दलित गन्धर्व जातिका वालवालिकाको विद्यालयमा उपस्थिति निक्कै राम्रो देखिन्छ ।

## ४.२ दलित गन्धर्व विद्यार्थीको बिचैमा कक्षा छाड्ने कारण

झापा जिल्ला पथरिया स्रोतकेन्द्र अन्तरगत रहेका सामूदायिक विद्यालयहरुका प्र.अ., वि.व्य.स. तथा पि.टि.ए. अध्यक्ष, दलित अभिभावकहरु, दलित नेताहरु र दलित गन्धर्व विद्यार्थीहरुको धारणालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

### ४.२.१ शिक्षक तथा प्र.अ.को धारणा

शिक्षक भनेको विद्यार्थीहरुको भविष्य उज्ज्वल बनाउने तथा भविष्य निर्माण गर्नको लागि बाटो देखाइदिने मार्गनिर्देशक हो । त्यसैगरी कुशल व्यवस्थापन गरी विद्यालयमा राम्रो शैक्षिक वातावरण सृजना गरी वालवालिकालाई अध्ययन गर्नको लागि प्रेरित गर्ने कार्यमा प्र.अ. को विशेष भूमिका रहेको हुन्छ ।

**तालिका ७, शिक्षक तथा प्र.अ. को धारणा**

| क.सं. | कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | चेतनाको कमी | ३ | २० |
| २ | आर्थिक कारण | ६ | ४० |
| ३ | सामाजिक कारण | ३ | २० |
| ४ | शिक्षकको असमान व्यवहार | ० | ०.०० |
| ५ | शैक्षिक सामग्रीको अभाव | १ | ६.६६ |
| ६ | भौतिक सुविधाको अपर्याप्तता | २ | १३.३३ |
| | जम्मा | १५ | १०० |

श्रोत : स्थलगत सर्बेक्षण, २०६७

तलिका ७, लाई विश्लेषण गर्दा प्र.अ. तथा शिक्षकका अनुसार दलित गन्धर्व विद्यार्थीहरुमध्ये ४० प्रतिशत् आर्थिक कारणले, २० प्रतिशत् चेतनाको कमीले, २० प्रतिशत् सामाजिक कारणले, ६.६६ प्रतिशत् विद्यालयमा शैक्षिक सामग्रीको अभावका कारणले तथा १३.३३ प्रतिशत् विद्यालयमा भौतिक सुबिधाको पर्याप्त व्यवस्था नभएका कारणले अध्ययन पूरा नगरी बिचैमा कक्षा छाड्ने गरेको देखिन्छ भने कक्षा छोड्नाका निम्ति विद्यालयमा शिक्षकको असमान व्यवहार कारक तत्व नरहेको देखिन्छ । यसरी तुलनात्मक रुपमा हेर्दा सबैभन्दा बढी आर्थिक कारण त्यसपछि चेतनाको कमीका कारणले दलित गन्धर्व विद्यार्थीले कक्षा छाड्ने गरेको देखिन्छ ।

### ४.२.२ दलित गन्धर्व अभिभावकको धारणा

अभिभावकले वालवालिकाका पालनपोषण गर्ने तथा उनीहरुको भविष्यलाई उज्ज्वल बनाई जीविकोपार्जन गर्नको लागि सक्षम बनाउनको लागि प्रेरित गर्दछन् । अभिभावकले नै अनेक दुःख, कष्ट सहेर आफ्ना छोराछोरीको लागि राम्रो शिक्षा दिक्षा दिलाउने कार्यमा दत्तचित्त रहेको पाइन्छ ।

### तालिका ८, दलित गन्धर्व अभिभावकको धारणा

| क.सं. | कारणहरु | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | चेतनाको कमी | ४ | २७.७७ |
| २ | आर्थिक कारण | ६ | ४० |
| ३ | सामाजिक कारण | २ | १३.३३ |
| ४ | शिक्षकको असमान व्यवहार | १ | ६.६६ |
| ५ | शैक्षिक सामग्रीको अभाव | १ | ६.६६ |
| ६ | भौतिक सुविधाको अपर्याप्तता | १ | ६.६६ |
| | जम्मा | १५ | १०० |

श्रोत : स्थलगत सर्बेक्षण, २०६७

तालिका ८ लाई विश्लेषण गर्दा दलित गन्धर्व विद्यार्थीहरुले कक्षा छाड्नुको कारणबारे गन्धर्व अभिभावकहरुको धारणा स्पष्ट रुपमा देख्न सकिन्छ । अभिभावकका अनुसार ४० प्रतिशत् आर्थिक कारणले, २६.६६ प्रतिशत् चेतनाको कमीले, १३.३३ प्रतिशत् सामाजिक कारणले, ६.६६ प्रतिशत् विद्यार्थीप्रति शिक्षकको असमान व्यवहारको कारणले, ६.६६ प्रतिशत् शैक्षिक सामग्रीको अभावको कारणले तथा ६.६६ प्रतिशत् भौतिक असुविधाको कारणले दलित गन्धर्व विद्यार्थीहरु कक्षा छाड्ने गरेको देखिन्छ । कक्षा छाड्ने विभिन्न कारणहरुलाई तुलनात्मक रुपमा हेर्दा, अभिभावकहरुले पनि सबभन्दा बढी आर्थिक कारण त्यसपछि चेतनाको कमी र सामाजिक कारणलाई नै प्रमुख ठम्याएको पाइन्छ ।

### ४.२.३ दलित गन्धर्व विद्यार्थीहरुको धारणा

विद्यार्थी भनेका भविष्यका होनहार व्यक्ति हुन् । भोलिको भविष्य उनीहरुले गर्ने व्यवहारमा निर्भर गर्दछ । विद्यार्थीहरु सही शिक्षादीक्षा प्राप्त गरी सुमार्गमा अघि बढेमा देश तथा समाजको चौतर्फी विकास भई समाज र राष्ट्र उन्नतिको पथमा अगाडी बढ्दछ ।

**तालिका ९, दलित गन्धर्व विद्यार्थीहरुको धारणा**

| क.सं. | कारणहरु | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | चेतनाको कमी | ५ | २३.८ |
| २ | आर्थिक कारण | ७ | ३३.३३ |
| ३ | सामाजिक कारण | ४ | १९.०४ |
| ४ | शिक्षकको असमान व्यवहार | २ | ९.५२ |
| ५ | शैक्षिक सामग्रीको अभाव | २ | ९.५२ |
| ६ | भौतिक सुविधाको अपर्याप्तता | १ | ४.७६ |
| | जम्मा | २१ | १०० |

श्रोत : स्थलगत सर्बेक्षण, २०६७

तलिका ९, लाई विश्लेषण गर्दा दलित गन्धर्व विद्यार्थीका अनुसार ३३.३३ प्रतिशत् आर्थिक कारणले, २३.८ प्रतिशत् चेतनाको अभावका कारणले, १९.०४ प्रतिशत् सामाजिक कारणले, ९.५२ प्रतिशत् विद्यार्थी प्रति शिक्षकको असमान व्यवहार र शैक्षिक सामग्रीको अभाव तथा ४.७६ प्रतिशत् भौतिक सुविधाको अपर्याप्तताका कारणले बीचैमा कक्षा छाड्छन् ।

### ४.२.४ वि.व्य.स. र पि.टि.ए.का अध्यक्षहरुको धारणा

विद्यालयलाई सही ढंगले सञ्चालन र व्यवस्थापन गरी शैक्षिक वातावरण सुदृढ गर्नको लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालयलाई भौतिक, शैक्षिक तथा अन्य स्रोत साधनको व्यस्थापन गरि सही ढंगले सञ्चालनमा सहयोग पु-याउनु उनीहरुको उत्तरदायित्व रहेको हुन्छ ।

**तलिका, १० विद्यालय व्यवस्थापन समिति र पि.टि.ए.का अध्यक्षहरुको धारणा :**

| क.सं. | कारणहरु | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | चेतनाको कमी | १ | १६.६७ |
| २ | आर्थिक कारण | ४ | ६६.६६ |
| ३ | सामाजिक कारण | १ | १६.६७ |
| ४ | शिक्षकको असमान व्यवहार | ० | ०.०० |
| ५ | शैक्षिक सामग्रीको अभाव | ० | ०.०० |
| ६ | भौतिक सुविधाको अपर्याप्तता | ० | ०.०० |
| | जम्मा | ६ | १०० |

श्रोत : स्थलगत सर्बेक्षण, २०६७

तालिका १० लाई विश्लेषण गर्दा वि.व्य.स. र पि.टि.ए. का अध्यक्षहरुका अनुसार दलित गन्धर्व विद्यार्थीले कक्षा छाड्नुमा ६६.६६ प्रतिशत् आर्थिक कारण, १६.६७ प्रतिशत् चेतनाको कमी र १६.६७ प्रतिशत् सामाजिक कारण जिम्मेवार रहेको देखिन्छ । जसमा सबभन्दा बढी आर्थिक कारणले तथा चेतनाको कमी र सामाजिक कारणले समान रुपमा कक्षा छाड्नु पर्ने अवस्था सृजना भएको देखिन्छ ।

### ४.२.५ दलित गन्धर्व नेताहरुको धारणा

समाजलाई सही ढंगले नेतृत्व गरी आफ्नो समुदाय तथा समाजको विकास गर्नमा दलित नेताहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । समाजको विकासले नै राष्ट्रको विकासमा टेवा दिएको हुन्छ । असल नेतृत्वको कारणले गर्दा नै समाजमा भएका कुसङ्गती र कुसंस्कारलाई चिर्दै समाज अघि बढ्नमा नेतृत्वको अहम् भूमिका रहन्छ ।

**तलिका, ११ दलित गन्धर्व नेताहरुको धारणा**

| क.सं. | कारणहरु | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | चेतनाको कमी | ३ | ३३.३३ |
| २ | आर्थिक कारण | २ | ५० |
| ३ | सामाजिक कारण | १ | १६.६७ |
| ४ | शिक्षकको असमान व्यवहार | ० | ०.०० |
| ५ | शैक्षिक सामग्रीको अभाव | ० | ०.०० |
| ६ | भौतिक सुविधाको अपर्याप्तता | ० | ०.०० |
| | जम्मा | ६ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका ११ लाई विश्लेषण गर्दा दलित गन्धर्व नेताका अनुसार गन्धर्व विद्यार्थीहरुले कक्षा छाड्नुमा ५० प्रतिशत् आर्थिक कारण, ३३.३३ प्रतिशत् चेतनाको कमीका कारणले तथा १६.६७ प्रतिशत् सामाजिक कारण जिम्मेवार रहेको देखिन्छ । जसमा सबभन्दा बढी आर्थिक कारणले त्यसपछि चेतनाको कमी र सामाजिक कारणले कक्षा छाड्नुपर्ने अवस्था सृजना भएको देखिन्छ ।

तालिका ७,८,९,१० र ११ लाई समष्टिगत रुपमा अध्ययन गर्दा दलित गन्धर्व विद्यार्थीको कक्षा छाड्नुमा सबभन्दा बढी जिम्मेवार आर्थिक अवस्था नै पाइयो । तसर्थ जीतु गौतमले भनेझैं अभिभावकको आर्थिक अवस्था सुदृढ हुने खालका कार्यक्रम दलित गन्धर्व समुदायमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

प्र.अ. एवम् शिक्षक तथा गन्धर्व अभिभावक, दलित नेताहरुले चेतनाको कमी र सामाजिक पक्षलाई क्रमशः दोस्रो र तेस्रो पतनको कारण ठहर गरेको पाइयो भने वि.व्य.स. एवम् पि.टि.ए.का अध्यक्ष र दलित गन्धर्वले चेतना र सामाजिक पक्षलाई पतनका लागि समान

रुपमा जिम्मेवार रहेको भनी किटान गरेको देखिन्छ । तसर्थ दलित गन्धर्व परिवारको आर्थिक अवस्था सुधार गर्न रोजगारी र अन्य उपायहरु अवलम्वन गरी संचार र गैर संचारका माध्यमले चेतना वृद्धि गर्नुपर्ने र सामाजिक कूरितिलाई विद्यानाथ कोइराला (२०६५) ले भनेझैं हटाउनु पर्ने अवस्था देखिन्छ । जसले सामाजिक समानता ल्याउनमा अहम् भूमिका खेल्नमा मद्दत पु-याउने छ । जसबाट दलित गन्धर्व समाजमा चेतना अभिवृद्धि भै पतनको स्थितिमा सुधार आउने छ ।

विद्यालयमा शिक्षकको असमान व्यवहार, शैक्षिक सामग्रीको अभाव र भैतिक सुविधाको अपर्याप्ततालाई समेत आंशिक रुपमा भएपनि कक्षा छाड्नुको कारण रहेको तथ्य उपरोक्त तालिकाहरुबाट स्पष्ट देखिन्छ । शिक्षकहरुको असमान व्यवहारले गर्दा विद्यार्थीमा हीनताबोध गराउने तथा विद्यालय शिक्षाप्रति नकारात्मक सोचको विकास हुने सम्भावना भएकाले विद्यालयमा अध्ययनरत सबै जातजाति, धर्म, वर्ण, लिङ्गका वालवालिकाहरुप्रति शिक्षक-शिक्षिकाले समान व्यवहार गर्नुपर्ने देखिन्छ ।

विद्यालयमा शैक्षिक सामग्री एवम् भौतिक सुविधाको उपयुक्त व्यवस्थापन हुन नसकेको खण्डमा गुणस्तरीय शिक्षाको कल्पना पनि गर्न सकिंदैन । त्यसकारण विद्यालय शिक्षासंग सम्वन्धित सरोकारवाला सबैले दलित गन्धर्व वालवालिकाहरुको बढ्दो कक्षा छाड्ने दरलाई ध्यानमा राखी आवश्यकता अनुसार शैक्षिक सामग्री एवम् भौतिक पक्षको व्यवस्थापनमा सहयोग पु-याई शिक्षण सिकाइका लागि उपयुक्त वातावरण सृजना गरी वालवालिकाहरुलाई विद्यालयमा नियमित गराउन तथा तह पूरा गराउनमा टेवा पु-याउनु पर्ने देखिन्छ ।

### ४.२.६ दलित गन्धर्व विद्यार्थीहरुको कक्षा छाड्ने कारणको समष्टिगत विवरण

झापा जिल्ला पथरिया स्रोतकेन्द्र अन्तरगत रहेका सामूदायिक विद्यालयहरुका प्र.अ., वि.व्य.स. तथा पि.टि.ए. अध्यक्ष, दलित अभिभावकहरु, दलित नेताहरु र दलित गन्धर्व विद्यार्थीहरुको धारणालाई समष्टिगत रुपमा निम्नानुसार तालिका र वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

**तालिका, १२ दलित गन्धर्व विद्यार्थीहरुको कक्षा छाड्ने कारणको समष्टिगत विवरण**

| क.सं. | कारणहरु | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | चेतनाको कमी | १५ | २३.८० |
| २ | आर्थिक कारण | २६ | ४१.२७ |
| ३ | सामाजिक कारण | ११ | १७.४६ |
| ४ | शिक्षकको असमान व्यवहार | ३ | ४.७६ |
| ५ | शैक्षिक सामग्रीको अभाव | ४ | ६.३५ |
| ६ | भौतिक सुविधाको अपर्याप्तता | ४ | ६.३५ |
| | जम्मा | ६३ | १०० |

श्रोत : स्थलगत सर्बेक्षण, २०६७

प्रस्तुत तथ्याङ्कले दलित गन्धर्व विद्यार्थीहरुले कक्षा छाड्ने कारण सम्बन्धी तालिका ७,८,९,१० र ११ वाट प्राप्त निष्कर्षलाई समष्टिगत रुपमा तालिका १२ मा स्पष्ट पारिएको छ । जस अनुसार ४१.२७ प्रतिशत्ले आर्थिक कारणले, २३.९ प्रतिशत्ले चेतनाको कमीका कारणले, १७.४६ प्रतिशत्ले सामाजिक कारणले, ६.३५ प्रतिशत्ले विद्यालयमा भौतिक सुविधाको अपर्याप्तता र शैक्षिक सामग्रीको अभावका कारणले तथा ४.७६ प्रतिशत्ले विद्यालयमा शिक्षकको असमान व्यवहारको कारण कक्षा छाड्ने गरेको देखिन्छ । यसरी दलित गन्धर्व विद्यार्थीले कक्षा छाड्नुमा प्रमूख रुपमा आर्थिक कारण र चेतनाको कमीको कारण नै कारकतत्व रहेको तथ्याङ्क तालिका १२ ले स्पष्ट पारेको छ ।

यस तथ्याङ्कलाई वृत्त चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र दुई, दलित गन्धर्व विद्यार्थीहरुको कक्षा छाड्ने कारणको समष्टिगत विवरण**

### ४.२.७ कक्षा छाड्ने दलित गन्धर्व विद्यार्थीहरुको पढाई प्रति रुची

झापा जिल्ला पथरिया स्रोतकेन्द्र अन्तरगत रहेका सामूदायिक विद्यालयहरुमा अध्ययनरत दलित गन्धर्व विद्यार्थीहरुको पढाइप्रति रुची बुझ्नको लागि दलित अभिभावकहरु र दलित गन्धर्व विद्यार्थीहरुको धारणालाई निम्नानुसार अलग-अलग तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १३, दलित गन्धर्व अभिभावकको धारणा**

| क.सं. | रुचीको विवरण | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | अति रुची | ३ | २० |
| २ | सामान्य रुची | ४ | २६.६७ |
| ३ | कम रुची | ६ | ४० |
| ४ | रुची नलाग्ने | २ | १३.३३ |
| | जम्मा | १५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका १३ लाई विश्लेषण गर्दा अभिभावकहरुका अनुसार ४० प्रतिशत् विद्यार्थी पढाइ प्रति कम रुची २६.६७ प्रतिशत्लाई सामान्य रुची, २० प्रतिशत् विद्यार्थीको अति रुची रहेको देखिन्छ भने १३.३३ प्रतिशत् विद्यार्थीमा पढाइप्रति रुची नरहेको देखिन्छ ।

**तालिका १४, पढाई प्रति दलित गन्धर्व विद्यार्थीहरुको रुची**

| क.सं. | रुचीको विवरण | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | अति रुची | ३ | ९.५३ |
| २ | सामान्य रुची | ९ | ४२.८६ |
| ३ | कम रुची | ७ | ३३.३३ |
| ४ | रुची नलाग्ने | ३ | १४.२९ |
| | जम्मा | २१ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तलिका १४ लाई विश्लेषण गर्दा दलित गन्धर्व वालवालिकाहरु मध्ये पढाइ प्रति ४२.८६ प्रतिशत्को सामान्य रुची, ३३.३३ प्रतिशत्को कम रुची, १४.२९ प्रतिशत्को रुची नलाग्ने देखिन्छ भने मात्र ९.५२ प्रतिशत् विद्यार्थीको पढाइप्रति अति रुची रहेको देखिन्छ । यसलाई तालिका नं. १३ संग तुलना गर्दा आंशिक रुपमा असमानता रहेको छ । यसको मूख्य कारण वालवालिकाहरुको कक्षा छाड्ने प्रवृतिका लागि अभिभावकहरुले मूख्य रुपमा विद्यार्थीहरुलाई नै जिम्मेवार ठहर गरेको देखिन्छ । यहाँ पढाइ प्रति ४२.८६ प्रतिशत् वालवालिकाले सामान्य रुची राख्नु नै पढाइ प्रति उनीहरुको रुची बढीरहेको अवस्था देखिन्छ । यो रुचीलाई मूर्तरुप दिन दशौं योजना (२०४९-०६४) को अनुसार आयमूलक, जीवन उपयोगी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी विद्यालय छाड्ने विद्यार्थीलाई समेट्न उपयुक्त हुने देखिन्छ । दशौं योजनाद्धारा तय गरिएका दलित वालवालिकाहरुको बिचैमा कक्षा छाड्ने प्रवृत्तिलाई न्यूनीकरण गर्न “सबैका लागि शिक्षा” (EFA) कार्यकमलाई प्रभावकारी रुपमा लागु गर्नुपर्ने देखिन्छ ।

### ४.२.८ पढाइ प्रति गन्धर्व विद्यार्थीहरुको रुची सम्वन्धी समष्टिगत विवरण

झापा जिल्ला पथरिया स्रोतकेन्द्र अन्तरगत रहेका सामूदायिक विद्यालयहरुमा अध्ययनरत दलित गन्धर्व विद्यार्थीहरुको पढाइप्रति रुची बुझ्नको लागि दलित अभिभावकहरु र दलित गन्धर्व विद्यार्थीहरुको धारणाको समष्टिगत विवरणलााई निम्नानुसार तालिका र वृत्त चित्रमा प्रस्तुत गरिएको छ ।

**तालिका, १५ पढाइ प्रति गन्धर्व विद्यार्थीहरुको रुची सम्वन्धी समष्टिगत विवरण**

| क.सं. | रुचीको विवरण | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | अति रुची | ५ | १३.८९ |
| २ | सामान्य रुची | १३ | ३९.११ |
| ३ | कम रुची | १३ | ३९.११ |
| ४ | रुची नलाग्ने | ५ | १३.८९ |
| | जम्मा | ३६ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका १५ लाई विश्लेषण गर्दा पढाइप्रति दलित गन्धर्व विद्यार्थीहरुको रुची सम्वन्धी तालिका १३ र १४ बाट प्राप्त निष्कर्षलाई समष्टिगत रुपमा तालिका १५ मा उल्लेख गरिएको छ । जस अनुसार पढाइप्रति दलित गन्धर्व विद्यार्थीहरु मध्ये ३६.११ प्रतिशत्को सामान्य रुची र कम रुची रहेको देखिन्छ भने १३.८९ प्रतिशत् विद्यार्थीहरुको अति रुची र रुची नै नलाग्ने देखिन्छ ।

उक्त तथ्याङ्कलाई निम्नानुसार वृत्त चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र तीन, पढाइप्रति गन्धर्व विद्यार्थीहरुको रुची सम्वन्धी समष्टिगत विवरण**

गन्धर्व जातिका वालवालिकाहरुले बीचैमा कक्षा छाड्नु पर्ने स्थितिलाई विशलेषण गर्दा विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको अभिभावकहरुको अत्याधिक रुपमा चेतनाको कमीका कारणले विद्यार्थीलाई पढाएर त्यसबाट समाजमा पुग्ने फाइदाको बारेमा तथा शिक्षाले जीविकोपार्जन गर्नको लागि दिने योगदानको बारेमा नबुझेको देखियो । यसले के स्पष्ट गर्दछ भने कार्ल मार्क्स (सन् १८१८-१८८३) ले उल्लेख गरेजस्तै उत्पादनका साधनमा नियन्त्रण तथा असमान वितरण प्रणालीमा आधारित छ । अर्थात् आर्थिक कारणले गर्दा समाजमा वर्ग निर्माण हुन्छ भन्ने सिद्धान्तसंग मेल खाएको देखिन्छ । यसैगरी चौधरी (२०६५) ले उल्लेख गरे झैं शिक्षामा दलित एवम् पिछडिएका वर्गको पहुँच बढाई कक्षा छाड्ने प्रवृत्तिलाई अरु न्युनीकरण गर्न छात्रवृत्तिको राशीलाई बढाई अझ व्यवस्थित गर्नुपर्ने खालका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरी विद्यालयमा दलित विद्यार्थी संख्याको भर्नादर एवम् टिकाउदर बढाउनको लागि विद्यालयलाई थप अनुदान एवम् शिक्षकलाई तालिमको व्यवस्था गर्न सके दलित वालवालिकाहरुले बीचैमा कक्षा छाड्ने समस्या न्युनीकरण हुन्छ । यसबाट के पुष्टि हुन्छ भने दलित गन्धर्व जातिका वालवालिकाको विद्यालय बीचैमा छाड्नुमा अभिभावकहरुको आर्थिक तथा चेतनामा कमीको कारणले नै देखिन्छ ।

## ४.३ गन्धर्व विद्यार्थीका अभिभावकहरुको शैक्षिक र आर्थिक अवस्था

झापा जिल्ला पथरिया गा.वि.स. वडा नं. ८ र ९ मा बसोबास गर्ने गन्धर्व समुदायहरु अन्य दलित समुदाय सरह शिक्षामा निक्कै पछाडी परेका छन् । धेरैजसो गन्धर्व अभिभावकहरु निरक्षर रहेका छन् र केहीले मात्र सामान्य लेखपढ गर्न सक्दछन् । गन्धर्वहरुको आर्थिक अवस्था अत्यन्तै नाजुक रहेको पाइन्छ । धेरैजसो गन्धर्व अभिभावकहरु ज्याला मजदुरी गरी आफ्नो जीविकोपार्जन गरेको पाइन्छ र केही गन्धर्व अभिभावकहरुले आफ्नो पुर्ख्यौली पेशा र खेतीपाती गरी जीविकोपार्जन गर्दै आएको देखिन्छ ।

### ४.३.१ दलित गन्धर्व विद्यार्थीको बिचैमा कक्षा छाड्नुको लागि जिम्मेवार पक्ष

झापा जिल्ला पथरिया स्रोतकेन्द्र अन्तरगत रहेका सामूदायिक विद्यालयहरुमा अध्ययनरत दलित गन्धर्व विद्यार्थीहरुले बीचैमा कक्षा छाड्नुको लागि जिम्मवार पक्षहरु के हुन सक्छन् भनी प्र.अ. तथा शिक्षक र दलित गन्धर्व अभिभावकहरुका धारणालाई निम्नानुसार अलग-अलग तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १६, प्र.अ. तथा शिक्षकको धारणा**

| क.सं. | जिम्मेवार पक्ष | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | समाज | ४ | २६.६७ |
| २ | विद्यालय | ० | ०.०० |
| ३ | शिक्षक | १ | ६.६७ |
| ४ | अभिभावक | ८ | ५३.३३ |
| ५ | विद्यार्थी स्वयं | २ | १३.३३ |
| | जम्मा | १५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका १६ लाई विश्लेषण गर्दा प्र.अ. तथा शिक्षकका अनुसार दलित गन्धर्व वालवालिकाको कक्षा छाड्नुमा ५३.३३ प्रतिशत् अभिभावक, २६.६७ प्रतिशत् समाज, १३.३३ प्रतिशत् विद्यार्थी स्वयं, ६.६७ प्रतिशत् शिक्षक र ० प्रतिशत् विद्यालय जिम्मेवार रहेको देखिन्छ। दलित गन्धर्व उत्थानका लागि विभिन्न सरकारी र गैरसरकारी संस्थाले सपना बाँडे पनि, सरकारले समानताको कानून निर्माण गरेता पनि अझै भेदभावको अवस्था सृजित रहेको तथा आर्थिक विपन्नता र रोजगारको अवसरको अभावका कारण वालवालिकालाई बीचैमा कक्षा छोडाउनका लागि ५३.३३ प्रतिशत् अभिभावक जिम्मेवार देखिन्छन् ।

कक्षा छाड्नु सम्बन्धी समस्या समाधानका बारेमा प्र.अ. र शिक्षकको धारणा बुझी चेतना अभिवृद्धि गर्न घरदैलो कार्यक्रम गर्नुपर्ने, निःशुल्क र छात्रवृत्ति कार्यक्रम संचालन गर्नुपर्ने र सामाजिक व्यवहारमा परिवर्तन गर्नुपर्ने प्रत्युत्तर प्राप्त भयो । यस्तै रेविट (सन् २००१) वाट प्रकासित शैक्षिक अवसर विभिन्न समूहका लागि सामाजिक सहकार्य नामक प्रतिवेदन उल्लेख भएझैं अभिभावक जनचेतना कार्यक्रम मार्फत् दलित गन्धर्व अभिभावकहरुलाई शिक्षाको महत्व बारे बुझाउन सकेमा विद्यार्थीको बीचैमा कक्षा छाड्ने प्रवृत्तिलाई न्यूनीकरण गरि विद्यालय निरन्तरतामा वृद्धि गर्न सकिने देखिन्छ। यस प्रति जिम्मेवार पक्षको ध्यानाकर्षित गराउनमा यस शोधकार्यले अवश्य पनि सहयोग पु-याउनेछ।

**तालिका १७, दलित गन्धर्व अभिभावकको धारणा**

| क.सं. | जिम्मेवार पक्ष | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | समाज | ३ | २०.०० |
| २ | विद्यालय | ० | ०.०० |
| ३ | शिक्षक | १ | ६.६७ |
| ४ | अभिभावक | ९ | ६०.०० |
| ५ | विद्यार्थी स्वयं | २ | १३.३३ |
| | जम्मा | १५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका १७ लाई विश्लेषण गर्दा दलित गन्धर्व विद्यार्थीहरुको कक्षा छोड्ने प्रवृत्तिमा अभिभावकले आफूलाई ६० प्रतिशत् जिम्मेवार ठानेको देखिन्छ भने २० प्रतिशत् समाज, ६.६७ प्रतिशत् शिक्षक र १३.३३ प्रतिशत् विद्यार्थीलाई जिम्मेवार रहेको भनी किटान गरेको पाइन्छ । विद्यालयलाई भने जिम्मेवार पक्षको रुपमा स्वीकार गरेको पाइएन । यसलाई प्र.अ. एवम् शिक्षकवाट प्राप्त धारणाको तालिका १६ संग तुलना गर्दा पतनका लागि सबभन्दा बढी जिम्मेवार अभिभावक नै रहेको देखिन्छ । अभिभावकले आफूलाई दोषी माने पनि प्र.अ. एवम् शिक्षकहरुले स्वयंलाई जिम्मेवार ठहर गरेको देखिँदैन । यसका साथै विद्यालय र शिक्षकलाई पतनको कारण मान्ने संख्या ज्यादै न्यून रहेको देखिन्छ ।

### ४.३.२ कक्षा छाड्ने प्रवृतिका लागि जिम्मेवार पक्ष सम्वन्धी समष्टिगत विवरण

झापा जिल्ला पथरिया स्रोतकेन्द्र अन्तरगत रहेका सामूदायिक विद्यालयहरुमा अध्ययनरत दलित गन्धर्व विद्यार्थीहरुले बीचैमा कक्षा छाड्नुको लागि जिम्मवार पक्षहरु के हुन सक्छन् भनी प्र.अ. तथा शिक्षक र दलित गन्धर्व अभिभावकहरुका धारणालाई समष्टिगत रुपमा निम्नानुसार तालिका र वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

**तालिका १८, कक्षा छाड्ने प्रवृतिका लागि जिम्मेवार पक्ष सम्वन्धी समष्टिगत विवरण**

| क.सं. | जिम्मेवार पक्ष | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | समाज | ७ | २३.३३ |
| २ | विद्यालय | ० | ०.०० |
| ३ | शिक्षक | २ | ६.६७ |
| ४ | अभिभावक | १७ | ५६.६७ |
| ५ | विद्यार्थी स्वयं | ४ | १३.३३ |
| | जम्मा | ३० | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका १६ र १७ लाई समष्टिगत रुपमा तालिका १८ मा प्रस्तुत गरी अध्ययन गर्दा दलित गन्धर्व विद्यार्थीहरुको कक्षा छाड्नुमा ३३.३३ प्रतिशत् समाज, ०.०० प्रतिशत् विद्यालय, ६.६७ प्रतिशत् शिक्षक, १३.३३ प्रतिशत् विद्यार्थी स्वयं रहेको देखिन्छ । जसवाट सबैभन्दा बढी ५६.६७ अभिभावक त्यसपछि समाज जिम्मेवार रहेको देखिन्छ भने विद्यार्थी स्वयं र शिक्षक आंशिक रुपमा जिम्मेवार रहेका छन् । तर गन्धर्व वालवालिकाले बिचैमा कक्षा छाड्नुमा विद्यालय जिम्मेवार रहेको देखिंदैन ।

उक्त तथ्याङ्कलाई निम्नानुसार वृत्त चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र चार, कक्षा छाड्ने प्रवृतिका लागि जिम्मेवार पक्ष सम्वन्धी समष्टिगत विवरण**

### ४.३.३ कक्षा छाड्ने विद्यार्थीका अभिभावकहरुको शैक्षिक अवस्था

झापा जिल्ला पथरिया गा.वि.स. वडा नं. ८ र ९ मा बसोबास गर्ने दलित गन्धर्व अभिभावकहरु सदियौंदेखि उत्पिडित तथा अपहेलित हुँदै आएकाले गर्दा उनीहरुको शैक्षिक अवस्था त्यति राम्रो देखिंदैन । अध्ययनवाट पाइएको उनीहरुको शैक्षिक अबस्थालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १९, कक्षा छाड्ने विद्यार्थीका अभिभावकहरुको शैक्षिक अवस्था**

| क.सं. | शैक्षिक विवरण | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | पढेको छैन | ८ | ५३.५३ |
| २ | प्रौढ कक्षा पढेको | ४ | २६.६७ |
| ३ | प्रा.वि. तह पुरा गरेको | २ | १३.३३ |
| ४ | नि.मा.वि. तह पुरा गरेको | १ | ६.६७ |
| ५ | मा.वि. तह पुरा गरेको | - | ०.०० |
| ६ | उच्च शिक्षा हासिल गरेको | - | ०.०० |
| | जम्मा | १५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका १९ लाई विश्लेषण गर्दा कक्षा छाड्ने दलित गन्धर्व विद्यार्थीका अभिभावकहरुको शैक्षिक अवस्था अत्यन्त दयनीय रहेको देखिन्छ । जस अन्तरगत ५३.३३ प्रतिशत्ले पढेको छैन अर्थात निरक्षर रहेका छन् भने २६.६७ प्रतिशत्ले प्रौढ कक्षा सम्म पढेको, १३.३३ प्रतिशत्ले प्रा.वि. तहको अध्ययन पूरा गरेको तथा ६.६७ प्रतिशत्ले मात्र नि.मा.वि. तहको अध्ययन पूरा गरेको देखिन्छ । मा.वि. तथा त्यसभन्दा माथिको शैक्षिक योग्यता प्राप्त गर्ने अभिभावकको संख्या ०.०० प्रतिशत रहेको देखिन्छ । अभिभावकहरुको शैक्षिक स्तर न्यून भएकाले शिक्षाको महत्व नबुझ्नु स्वभाविक नै हो, त्यसकारण अभिभावकहरु आफ्ना वालवालिकालाई बीचैमा कक्षा छोडाउँछन् । कक्षा छोडाउँदा हुने घाटा सम्वन्धमा उनीहरुमा चेतना रहेको छैन । यसै सन्दर्भमा अभिभावकको शैक्षिक अवस्थाले उनीहरुका सन्ततीको शैक्षिक

पक्ष सुनिश्चित हुने भएकाले समाजमा शिक्षाप्रति सकारात्मक सोचको विकास गराउने तथा आयमूलक ज्ञान सीपहरु प्रदान गरी अभिभावकको शैक्षिक तथा आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रमहरु तय गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

### ४.३.४ कक्षा छाड्ने विद्यार्थीका अभिभावकको मासिक आय आर्जनको अवस्था

झापा जिल्ला पथरिया गा.वि.स. वडा नं. ८ र ९ मा बसोबास गर्ने दलित गन्धर्व अभिभावकहरुको आय आर्जनको अवस्थालाई अध्ययन गर्दा उनीहरुको मासिक आय निम्नानुसार रहेको पाइयो :

**तालिका २०, कक्षा छाड्ने विद्यार्थीका अभिभावकको मासिक आय आर्जनको अवस्था**

| क.सं. | मासिक आय | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | रु.१००० भन्दा कम | ३ | २० |
| २ | रु.२००० भन्दा कम | ७ | ४६.६७ |
| ३ | रु.३००० भन्दा कम | ४ | २६.६७ |
| ४ | रु.४००० भन्दा कम | १ | ६.६७ |
| ५ | रु.५००० भन्दा कम | ० | ०.०० |
| | जम्मा | १५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तलिका २० लाई विश्लेषण गर्दा अभिभावकहरुका मासिक आय आर्जन २० प्रतिशत्को रु.१००० भन्दा कम, ४६.६७ प्रतिशत्को रु.२००० भन्दा कम, २६.६७ प्रतिशत्को रु.३००० भन्दा कम र ६.६७ प्रतिशत्को रु.४००० भन्दा कम मासिक आय आर्जन गर्दछन् भने रु.५००० भन्दा बढी मासिक आय आर्जन हुने अभिभावक ०.०० रहेको देखिन्छ । यसवाट दलित गन्धर्व अभिभावकको आर्थिक स्तर अत्यन्त दयनीय रहेको स्पष्ट हुन जान्छ । जसले गर्दा अभिभावक लगायत उनका सन्तानहरुको समेत शैक्षिक स्तर न्यून हुनु स्वभाविक देखिन्छ । किनभने आफ्ना अभिभावकको मासिक आय न्यून रहेको र सो आम्दानीले वर्ष भरी खान नपुग्ने भएकाले दलित

गन्धर्व विद्यार्थीहरु पढाइ पूरा नगरी बीचैमा कक्षा छोड्दछन् । त्यसैले राष्ट्रिय स्तरमा नै मूख्य रुपले दलित जनजाति, महिला तथा पिछडिएका वर्गहरुका लागि गरिबी निवारणका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ । जसका लागि सरकारी, गैरसरकारी लगायत सबै पक्षले आ-आफ्नो ठाउँबाट सहयोग पु-याउनु अपरिहार्य हुन आउँछ ।

### ४.३.५ कक्षा छाड्ने विद्यार्थीका अभिभावकको मूख्य पेशा

झापा जिल्ला पथरिया गा.वि.स. वडा नं. ८ र ९ मा बसोबास गर्ने दलित गन्धर्व अभिभावकहरुले जिवीकोपार्जनको लागि अपनाउने मूख्य पेशाको अधययन गर्दा निम्नानुसार रहेको पाइयो :

**तालिका २१, कक्षा छाड्ने विद्यार्थीका अभिभावकको मूख्य पेशा**

| क.सं. | पेशा | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | पुर्ख्यौली पेशा | २ | १३.३३ |
| २ | खेती | ७ | ३३.३३ |
| ३ | ज्याला मजदुरी | ८ | ५३.३३ |
| ४ | व्यापार | ० | ०.०० |
| ५ | नोकरी | ० | ०.०० |
| | जम्मा | १५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका २१ लाई विश्लेषण गर्दा दलित गन्धर्व विद्यार्थीका अभिभावकहरु मध्ये ५३.३३ प्रतिशत्ले ज्याला मजदुरी, ३३.३३ प्रतिशत्ले खेती, १३.३३ प्रतिशत्ले पुर्ख्यौली पेशालाई आफ्नो जिवीकोपार्जनको रुपमा लिएको देखिन्छ भने ०.०० प्रतिशत् अभिभावकहरु नोकरी र व्यापारमा संलग्न रहेको देखिन्छ । यसरी तालिका नं. २१ ले दलित गन्धर्व अभिभावकको उच्च गरिवीको अवस्थालाई छर्लङ्ग पार्दछ । त्यसैले गरिवीका कारण दलित गन्धर्व विद्यार्थीहरु बीचैमा कक्षा छाड्छन् । यसरी ज्याला मजदुरी तथा खेतीपाती र पुर्ख्यौली पेशालाई आफ्नो आय

आर्जनको प्रमूख उपायको रुपमा अबलम्वन गर्नुको मूख्य कारण अभिभावकको निम्न शैक्षिक स्तर हुनु नै रहेको देखिन्छ । अभिभावकहरुलाई आर्थिक रुपमा सुदृढ बनाउन उनीहरुलाई पेशागत रुपमा सजग बनाउनु पर्ने देखिन्छ जसका लागि दशौं योजनाको लक्ष्य अनुरुप अभिभावकहरुका लागि आयमूलक जीवनोपयोगी अनौपचारीक शिक्षा अर्थात कार्यमूलक साक्षरता शिक्षा कार्यक्रम सञ्चालन गरी सामाजिक, आर्थिक रुपान्तरण गर्नुपर्ने देखिन्छ ।

### ४.३.६ कक्षा छाड्ने विद्यार्थीका अभिभावकको स्थीर (अचल) सम्पति

झापा जिल्ला पथरिया गा.वि.स. वडा नं. ८ र ९ मा बसोबास गर्ने दलित गन्धर्व अभिभावकहरुको स्थीर तथा अचल सम्पतिको अध्ययन गर्दा निम्नानुसार रहेको पाइयो :

**तालिका २२, कक्षा छाड्ने विद्यार्थीका अभिभावकको स्थीर (अचल) सम्पति**

| क.सं. | अचल सम्पति | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | घडेरी मात्र भएका तर घर नभएका | ६ | ४० |
| २ | अर्काको जग्गामा घर बनाएर बसेको | २ | १३.३३ |
| ३ | ५ कट्ठा भन्दा कम जग्गा | ४ | २६.६७ |
| ४ | १० कट्ठा भन्दा कम जग्गा | २ | १३.३३ |
| ५ | १ बिगा भन्दा कम जग्गा | १ | ६.६७ |
| ६ | १ बिगा भन्दा बढी जग्गा | ० | ०.०० |
| | जम्मा | १५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका २२ लाई विश्लेषण गर्दा दलित गन्धर्व अभिभावकहरुको अचल सम्पती सम्बन्धी विवरणलाई स्पष्ट पार्दछ । जहाँ अभिभावकहरुको अवस्था अध्ययन गर्दा ४० प्रतिशत्को घडेरी मात्र भएको तर घर नभएको, १३.३३ प्रतिशत्ले अर्काको जग्गामा घर बनाएर बसेको, २६.६७ प्रतिशत्को ५ कट्ठा भन्दा कम जग्गा रहेको, १३.३३ प्रतिशत्को १० कट्ठा भन्दा कम जग्गा रहेको र ६.६७ प्रतिशत्को १ बिगा भन्दा कम जग्गा रहेको तथा ०.०० प्रतिशत्को १ बिगा भन्दा

बढी जग्गा रहेको देख्न सकिन्छ। यसरी गाँस र बासको समस्यामा पिल्सिएका अभिभावकहरुको शैक्षिक अवस्था न्यून हुनु स्वभाविक नै भएकाले त्यसतर्फ सबै पक्षको ध्यान जानुपर्ने आवश्यक देखिन्छ । यस्ता न्यून आयस्रोत भएका परिवारका लागि विशेष कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ ।

### ४.३.७ कक्षा छाड्ने विद्यार्थीका अभिभावकको खानपानको अवस्था

झापा जिल्ला पथरिया गा.वि.स. वडा नं. ८ र ९ मा बसोबास गर्ने दलित गन्धर्व अभिभावकहरुले वर्षभरीको उत्पादनले के कति समय खान पुग्छ भनी अधययन गर्दा निम्नानुसार पाइयो :

**तालिका २३, कक्षा छाड्ने विद्यार्थीका अभिभावकको खानपानको अवस्था**

| क.सं. | खान पुग्ने अवधि | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | तीन महिना भन्दा कम | ३ | २० |
| २ | ३-६ महिना | ७ | ४६.६७ |
| ३ | ६-९ महिना | ४ | २६.६७ |
| ४ | १ वर्ष सम्म | १ | ६.६७ |
| | जम्मा | १५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका २३ ले दलित गन्धर्व अभिभावकहरु मध्ये ६.६७ प्रतिशत्को मात्र आफ्नो आम्दानीले वर्षभरी खान पुग्ने अवस्था देखिन्छ। जवकी अन्य अभिभावकहरुमा २० प्रतिशत्को तीन महिना भन्दा कम, ४६.६७ प्रतिशत्का् ३-६ महिना सम्म तथा २६.६७ प्रतिशत्को ६-९ महिना सम्म आफ्नो आम्दानीले खान पुग्ने अवस्था देखिन्छ। यस तथ्यबाट यो स्पष्ट हुन्छ कि वर्षभरी खाना नपुग्ने अधिकांश दलित गन्धर्व परिवार रहेका छन् फलस्वरुप उनीहरुको अन्य आवश्यकता पूरा हुने सम्भावना नै देखिंदैन ।

यसरी खान नपुगेको कारणले आर्थिक कार्यमा सहयोग पु-याउन र अतिरिक्त आम्दानी प्राप्त गर्न दलित गन्धर्व विद्यार्थीहरु पढाइ पूरा नगरी बीचैमा कक्षा छाड्छन् । दलित गन्धर्व

अभिभावकको यस्तो आर्थिक संकटमा अन्य गतिविधि जस्तै : शिक्षामा लगानी गर्न तथा केही रकम बचत गर्न त असम्भव नै देखिन्छ । समयमा खाना नपाउनु तथा पौष्टिक आहारको. अभावले मानवीय जनशक्ति विकासमा बाधा हुने तथ्यलाई ध्यानमा राखी राष्ट्रिय स्तरमा नै निम्न आर्थिक अवस्था भएको जनसंख्याका लागि खाद्यान्नको उचित व्यवस्था मिलाउनु राष्ट्र विकासको मूल आधार हुन आउँछ । जसका लागि पिछडिएका वर्गमा व्यवसायिक सीपमूलक तालिम प्रदान गर्ने व्यवस्था मिलाई रोजगारीको सु-अवसर प्रदान गर्नुपर्ने देखिन्छ ।

### ४.३.८ दलित गन्धर्व विद्यार्थीहरु पुनः कक्षा प्रवेश गर्ने चाहना

झापा जिल्ला पथरिया स्रोतकेन्द्र अन्तरगत रहेका सामूदायिक विद्यालयहरुमा अध्ययनरत दलित गन्धर्व विद्यार्थीहरुले बीचैमा कक्षा छाडी पु:न कक्षा पवेश गर्ने चाहना राख्ने विद्यार्थीहरुको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २४, दलित गन्धर्व विद्यार्थीहरु पुनः कक्षा प्रवेश गर्ने चाहना**

| क.सं. | विवरण | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | पढ्छु | १२ | ५७.१४ |
| २ | पढ्दिन | ९ | ४२.८६ |
| | जम्मा | २१ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका २४ लाई विश्लेषण गर्दा पढ्न छाडेका दलित गन्धर्व विद्यार्थीहरु मध्ये ५७.१४ प्रतिशत्ले पुनः कक्षा प्रवेश गर्ने चाहना राखेको देखिन्छ भने ४२.८६ प्रतिशत्ले नपढ्ने धारणा व्यक्त गरेको देखिन्छ । यसवाट के स्पष्ट हुन्छ भने विद्यालय बीचैमा छाड्ने विद्यार्थीहरु पुनः आफ्नो अध्ययनलाई निरन्तरता दिन चाहन्छन् जून सामाजिक विकासको लागि सकारात्मक पक्ष नै हो । पढाइलाई निरन्तरता दिन नचाहनेको संख्या कम रहेको देखिन्छ । तिनीहरुलाई आवश्यकता अनुसार मनोबैज्ञानिक प्रबिधद्धारा परामर्श दिन सकेको खण्डमा पुनः विद्यालयमा सहभागी गर्ा सकिने मौका रहेको कुरा नकार्न सकिंदैन ।

तालिका १२ मा उल्लेख भए अनुसार पढाइ छाडेका दलित गन्धर्व वालवालिकाको पतनमा आर्थिक, सामाजिक र चेतनाको कमी जस्ता पक्ष नै प्रमुख कारक रहेको देखिन्छ । तद् अनुरुप विद्यानाथ कोइराला (२०६५) ले भनेझैं कृषि कार्यको समयमा छोटो समयका कक्षाहरु सञ्चालन गरेमा एकातर्फ विद्यालय छोड्ने प्रवृत्तिमा कमी आउने र अर्कातर्फ खेतीपाती र अन्य घरको काममा बाधा नपुग्ने देखिन्छ । त्यसै गरी सन्देशमूलक विद्यालय खेलिनु पर्दछ । जसले उनीहरुमा चेतनाको वृद्धि हुनेछ । जसबाट यहाँ कारकको रुपमा रहेको चेतनाको कमीमा न्यूनीकरण भै बीचैमा विद्यालय छाड्ने दर कम हुनेछ ।

### ४.३.९ कक्षा छाड्ने विद्यार्थीका अभिभावकको शिक्षा सम्वन्धी धारणा

झापा जिल्ला पथरिया गा.वि.स. वडा नं. ८ र ९ मा बसोबास गर्ने दलित गन्धर्व अभिभावकहरुको शिक्षा सम्वन्धी धारणालाई निम्नानुसार रहेको पाइयो :

**तालिका २५, कक्षा छाड्ने विद्यार्थीका अभिभावकको शिक्षा सम्वन्धी धारणा**

| क.सं. | धारणा | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | सकारात्मक | ८ | ५३.३३ |
| २ | नकारात्मक | १ | ६.६७ |
| ३ | मिश्रित | ६ | ४०.०० |
| | जम्मा | १५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका २५ ले दलित गन्धर्व अभिभावकको शिक्षा प्रतिको दृष्टिकोणलाई स्पष्ट पार्दछ । जस अनुसार शिक्षाप्रति ५३.३३ प्रतिशत्को सकारात्मक, ४०.०० प्रतिशत्को मिश्रित र ६.६७ प्रतिशत्को नकारात्मक धारणा रहेको देखिन्छ । यसरी अधिकांश अभिभावकहरुले शिक्षा प्रतिमिश्रित र सकारात्मक धारणा राख्ने गरेको देखिन्छ । जसवाट केही अभिभावकहरु शिक्षा प्रति अनविज्ञ रहेको तथा शिक्षाको महत्वलाई नबुझेको तथ्य स्पष्ट हुन्छ । अभिभावकहरुको यस्तो धारणा पनि वालवालिकाको कक्षा छोड्ने कारण बन्न सक्छ । यसकारण दशौं योजनाको लक्षित कार्यक्रम अनुसार औपचारिक शिक्षालाई प्रभावकारी रुपमा लागु गरी दलित गन्धर्व अभिभावकको शिक्षाप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउन सकिने देखिन्छ ।

दलित गन्धर्व विद्यार्थीहरुका अभिभावकहरुको शैक्षिक र आर्थिक अवस्थालाई विश्लेषण गर्दा विद्यालय बीचैमा छाड्ने गन्धर्व विद्यार्थीहरुको आर्थिक अवस्था अत्यन्त कमजोर देखियो । साथै ती अभिभावकहरुको शैक्षिक अवस्था पनि ज्यादै न्युन देखिन्छ । धेरैजसो अभिभावकहरु निरक्षर छन् । यसले के स्पष्ट गर्छ भने मार्क्स (सन् १८१८-१८८३) ले उल्लेख गरेजस्तै उत्पादनका साधनमा असमान वितरण प्रणालीले गर्दा नै समाजमा वर्ग निर्माण हुन्छ । समाजमा सम्पूर्ण सम्पतिमा एकाधिकार जमाउने वर्ग र बाँच्नका लागि श्रम बेच्ने बर्ग जुन आज समाजमा दलित एवम् पिछडिएका वर्गको रुपमा स्थापित रहेको देखिन्छन् भन्ने सिद्धान्तसंग मेल खाएको देखिन्छ । यसै गरी पोखरेल (२०६६) ले उल्लेख गरेजस्तै बर्षौदेखि राज्यको शोषण, गरिबी र सामाजिक बञ्चितिको मारमा परेका कारण आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक लगायत हरेक दृष्टिले दलित समूदाय पछि परेका छन् । यसवाट के स्पष्ट हुन्छ भने बर्षौदेखि पछि पारिंदै आएका दलित गन्धर्व जातिको शैक्षिक अवस्था राम्रो छैन साथै अशिक्षित भएकाले गर्दा उनीहरुको आर्थिक अवस्था पनि राम्रो बनाउन सकेको देखिंदैन ।

## ४.४ दलित गन्धर्व विद्यार्थीको कक्षा छाड्ने दर घटाउने उपायहरु

झापा जिल्ला पथरिया स्रोतकेन्द्र अन्तरगत रहेका सामूदायिक विद्यालयहरु श्री पथरिया उच्च मा.वि., श्री लक्ष्मी प्रसाद देवकोटा मा.वि. र श्री आदर्श प्रा.वि.का प्राथमिक तहमा अध्ययनरत दलित गन्धर्व विद्यार्थीको कक्षा छाड्ने दर घटाउन के गर्नुपर्ला भनि प्र.अ. तथा शिक्षक, दलित गन्धर्व अभिभावकहरु, दलित गन्धर्व विद्यार्थीहरु र वि.व्य.स. तथा पि.टि.ए.का अध्यक्षहरुसंग लिइएको धारणालाई निम्नानुसार अलग-अलग तालिकामा प्रस्तुत गरिएको छ :

### ४.४.१ प्र.अ. तथा शिक्षकका अनुसार

पथरिया स्रोतकेनद्रका छनौटमा परेका सामुदायिक विद्यालयका प्र.अ. तथा शिक्षकहरुसंग दलित गन्धर्व विद्यार्थीहरुको कक्षा छोड्ने दर घटाउने उपायहरुको वारेमा लिइएको राय निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका २६, प्र.अ. तथा शिक्षकका अनुसार

| क.सं. | उपायहरु | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | चेतनामूलक कार्यक्रम | ६ | ४०.०० |
| २ | शैक्षिक सामग्री तथा खेल सामग्रीको व्यवस्था | २ | १३.३३ |
| ३ | शिक्षकको समान व्यवहार | १ | ६.६७ |
| ४ | छात्रवृत्ति र निःशुल्क शिक्षा | ४ | २६.६७ |
| ५ | विद्यालय खाजा कार्यक्रम | २ | १३.३३ |
| | जम्मा | १५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका १६ ले दलित गन्धर्व विद्यार्थीको कक्षा छाड्ने दर घटाउनका लागि प्र.अ. तथा शिक्षकहरु मध्ये ४० प्रतिशत्ले चेतनामूलक कार्यक्रम, २६.६७ प्रतिशत्ले छात्रवृत्ति र निःशुल्क शिक्षा व्यवस्था, १३.३३ प्रतिशत्ले शैक्षिक सामग्री तथा खेल सामग्रीको व्यवस्था र विद्यालयमा खाजा कार्यक्रम र ६.६७ प्रतिशत्ले शिक्षकले समान व्यवहार गर्नुपर्ने धारणा राखेको देखिन्छ। यहाँ दलित गन्धर्व अभिभावकहरुका लागि चेतनामूलक कार्यक्रम तथा विद्यार्थीका लागि छात्रवृत्ति एवं निःशुल्क शिक्षा नीतिलाई कक्षा दर घटाउने प्रमुख उपायको रुपमा लिइएको देखिन्छ भने आंशिक रुपमा ६.६७ प्रतिशत् भएपनि विद्यालयमा शिक्षकले सबै विद्यार्थीहरुप्रति समान व्यवहार गर्नुपर्ने तथ्यलाई स्वीकार गरेको देखिन्छ।

### ४.४.२ दलित गन्धर्व अभिभावकका अनुसार

दलित गन्धर्व अभिभावकहरुसंग उनीहरुका छोराछोरीले बीचैमा कक्षा छाड्ने दरलाई घटाउने उपायहरु के हुन सक्छन् भनी लिइएको राय निम्नानुसार पाइयो।

**तालिका २७, दलित गन्धर्व अभिभावकका अनुसार**

| क.सं. | उपायहरु | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | चेतनामूलक कार्यक्रम | ४ | २६.६७ |
| २ | शैक्षिक सामग्री तथा खेल सामग्रीको व्यवस्था | १ | ६.६७ |
| ३ | शिक्षकको समान व्यवहार | २ | १३.३३ |
| ४ | छात्रवृत्ति र निःशुल्क शिक्षा | ५ | ३३.३३ |
| ५ | विद्यालय खाजा कार्यक्रम | ३ | २० |
| | जम्मा | १५ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका २७ मा दलित गन्धर्व विद्यार्थीको कक्षा छाड्ने दरलाई घटाउन छात्रवृत्ति र निःशुल्क शिक्षा गरिनु पर्नेमा ३३.३३ प्रतिशत्, चेतनामूलक कार्यक्रम चलाउनु पर्नेमा २६.६७ प्रतिशत् अभिभावकको धारणा रहेको देखिन्छ भने विद्यालयमा विद्यार्थीको सहभागिता बढाउनका लागि शैक्षिक तथा खेल सामग्रीको व्यवस्था, शिक्षकको समान व्यवहार र विद्यालयमा खाजा कार्यक्रम चलाउनु पर्नेमा क्रमशः ६.६७ प्रतिशत् , १३.३३ प्रतिशत् र २० प्रतिशत् अभिभावकको धारणा रहेको छ । यसलाई तालिका २६ संग तुलना गर्दा प्र.अ. तथा शिक्षकले चेतनामूलक कार्यक्रमलाई बढी प्राथमिकता दिएको देखिन्छ भने अभिभावकले छात्रवृत्ति र निःशुल्क शिक्षा नीति लागु गर्नुपर्नेमा जोड दिएको देखिन्छ ।

### ४.४.३ कक्षा छाड्ने दलित गन्धर्व विद्यार्थीका अनुसार

पथरिया स्रोतकेनद्र अन्तरगतका छनौटमा परेका सामुदायिक विद्यालयका कक्षा छाड्ने विद्यार्थीहरु मध्ये छनौटमा परेका २१ जना विद्यार्थीहरुलाई कक्षा छोड्ने दर घटाउने उपायहरुको बारेमा लिइएको राय निम्नानुसार रहेको पाइयो :

**तालिका २८, कक्षा छाड्ने दलित गन्धर्व विद्यार्थीका अनुसार**

| क.सं. | उपायहरु | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | चेतनामूलक कार्यक्रम | ८ | ३८.०९ |
| २ | शैक्षिक सामग्री तथा खेल सामग्रीको व्यवस्था | १ | ४.७६ |
| ३ | शिक्षकको समान व्यवहार | ४ | १९.०५ |
| ४ | छात्रवृत्ति र निःशुल्क शिक्षा | ६ | २८.५७ |
| ५ | विद्यालय खाजा कार्यक्रम | २ | ९.५३ |
| | जम्मा | २१ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तलिका २८ लाई विश्लेषण गर्दा कक्षा छाड्ने दरलाई कम गर्न दलित गन्धर्व विद्यार्थीहरु मध्ये ३८.०९ प्रतिशत्ले चेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने, २८.५७ प्रतिशत्ले छात्रवृत्ति र निःशुल्क शिक्षा गर्नुपर्ने, १९.०५ प्रतिशत्ले विद्यालयमा शिक्षकले सबै विद्यार्थीप्रति समान व्यवहार गर्नुपर्ने, ९.५२ प्रतिशत्ले विद्यालयमा खाजा कार्यक्रम सञ्चालन गर्नुपर्ने तथा ४.७६ प्रतिशत्ले शैक्षिक तथा खेल सामग्रीको व्यवस्था गर्नुपर्ने धारणा राखेका छन् । यसलाई तालिका २७ सँग तुलना गर्दा प्र.अ. तथा तथा शिक्षकको जस्तै कक्षा छाड्ने विद्यार्थीहरुले पनि कक्षा छाड्ने दर घटाउन चेतनामूलक कार्यक्रम चलाउने तथा छात्रवृत्ति र निःशुल्क शिक्षा गरिनुपर्ने समान धारणा राखेको देखिन्छ ।

### ४.४.४ वि.व्य.स.र पि.टि.ए. का अध्यक्षका अनुसार

पथरिया स्रोतकेन्द्र अन्तरगतका छनौटमा परेका सामूदायिक विद्यालयका सम्बन्धित वि.व्य.स. अध्यक्ष र पि.टि.ए. अध्यक्षहरुलाई दलित गन्धर्व विद्यार्थीहरुले बीचैमा कक्षा छोड्ने दर घटाउने उपायहरुको बारेमा लिइएको राय निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. २९ वि.व्य.स.र पि.टि.ए. का अध्यक्षका अनुसार**

| क.सं. | उपायहरु | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | चेतनामूलक कार्यक्रम | ३ | ५०.०० |
| २ | शैक्षिक सामग्री तथा खेल सामग्रीको व्यवस्था | - | ०.०० |
| ३ | शिक्षकको समान व्यवहार | - | ०.०० |
| ४ | छात्रवृत्ति र निःशुल्क शिक्षा | २ | ३३.३३ |
| ५ | विद्यालय खाजा कार्यक्रम | १ | १६.६७ |
| | जम्मा | ६ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका २९ लाई विश्लेषण गर्दा अध्ययन क्षेत्रका ३ वटा विद्यालयका ६ जना वि.व्य.स. र पि.टि.ए.का अध्यक्षहरु मध्ये ५० प्रतिशत्ले चेतनामूलक कार्यक्रमलाई नै कक्षा छाड्ने दर घटाउने प्रमुख उपायका रुपमा लिएको देखिन्छ भने ३३.३३ प्रतिशत्ले छात्रवृत्ति र निःशुल्क शिक्षा तथा १६.६७ प्रतिशत्ले विद्यालयमा खाजा कार्यक्रम चलाउन सकेमा कक्षा छाड्ने दर घटाउन सकिने धारणा राखेका छन् ।

### ४.४.५ दलित गन्धर्व विद्यार्थीको कक्षा छाड्ने दर घटाउने उपायहरुको समष्टिगत विवरण

झापा जिल्ला पथरिया स्रोतकेन्द्र अन्तरगत रहेका सामूदायिक विद्यालयहरुका प्राथमिक तहमा अध्ययनरत दलित गन्धर्व विद्यार्थीको कक्षा छाड्ने दर घटाउन के गर्नुपर्ला भनि प्र.अ. तथा शिक्षक, दलित गन्धर्व अभिभावकहरु, दलित गन्धर्व विद्यार्थीहरु र वि.व्य.स. तथा पि.टि.ए.का अध्यक्षहरुसंग लिइएको धारणालाई समष्टिगत रुपमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३०, दलित गन्धर्व विद्यार्थीको कक्षा छाड्ने दर घटाउने उपायहरुको समष्टिगत विवरण**

| क.सं. | उपायहरु | संख्या | प्रतिशत् |
|---|---|---|---|
| १ | चेतनामूलक कार्यक्रम | २१ | ३६.८४ |
| २ | शैक्षिक सामग्री तथा खेल सामग्रीको व्यवस्था | ४ | ७.०२ |
| ३ | शिक्षकको समान व्यवहार | ७ | १२.२८ |
| ४ | छात्रवृत्ति र निःशुल्क शिक्षा | १७ | २९.८२ |
| ५ | विद्यालय खाजा कार्यक्रम | ७ | १४.०४ |
| | जम्मा | ५७ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका २६, २७, २८ र २९ लाई समष्टिगत रुपमा तालिका ३० मा देखाइएको छ । जसबाट दलित गन्धर्व विद्यार्थीको कक्षा छाड्ने दर घटाउने उपायहरु स्पष्ट हुन्छन् । तालिका ३० अनुसार दलित गन्धर्व विद्यार्थीहरुको विद्यालयमा सहभागिता वृद्धि गर्न अर्थात् छाड्ने दर घटाउन ३६.८४ प्रतिशत्ले चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, २९.८२ प्रतिशत्ले छात्रवृत्ति र निःशुल्क शिक्षा हुनुपर्ने, १४.०४ प्रतिशत्ले विद्यालयमा खाजा कार्यक्रम सञ्चालन गर्नुपर्ने, १२.२८ प्रतिशत्ले विद्यालयमा विद्यार्थीप्रति शिक्षकको समान व्यवहार हुनुपर्ने तथा ७.०२ प्रतिशत्ले शैक्षिक सामग्री तथा खेल सामग्रीको व्ययवस्था हुनुपर्ने धारणा प्रस्तुत गरेको देखिन्छ । जस अनुसार चेतनामूलक र निःशुल्क शिक्षा कार्यक्रममा बढी जोड दिएको देखिन्छ भने शैक्षिक सामग्री तथा खेल सामग्रीको व्यवस्थामा आंशिक रुपमा कम जोड दिएको देखिन्छ ।

प्रस्तुत तालिकामा विद्यार्थीको कक्षा बिचमा छाड्ने प्रवृत्ति घटाउन चेतनामूलक र अर्थिक सुधार गर्नुपर्ने तथा शिक्षकले तथा प्र.अ.हरुले सबै विद्यार्थी प्रति समान व्यवहार गर्नुपर्ने देखिन्छ । निम्न आर्थिक अवस्था भएका दलित गन्धर्व वालवालिकाहरुलाई विद्यालयमा नियमित गराउन खाजाको र छात्रवृत्तिको व्यवस्था गर्नुका साथै शिक्षा नियमावलीमा नै निःशुल्क शिक्षाको, खाजाको व्यवस्था गर्नुपर्ने देखिन्छ । जसले गर्दा दलित विद्यार्थीलाई बिचमा कक्षा छोड्ने दरलाई घटाउँदै लैजान सकिन्छ ।

उक्त तथ्याङ्कलाई निम्नानुसार वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र पाँच, दलित गन्धर्व विद्यार्थीको कक्षा छाड्ने दर घटाउने उपायहरुको समष्टिगत विवरण**

# परिच्छेद : पाँच
# प्राप्ती, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

यस अध्ययनको प्राप्तिहरु निम्नानुसार रहेको छ । गन्धर्व परिवारको आर्थिक दुरावस्थाको कारणले दलित गन्धर्व वालवालिकाको शिक्षामा प्रत्यक्ष प्रभाव पारेको छ । दलित गन्धर्वहरुको जग्गा जमिन नगन्य भएको र स्थायी आम्दानीको श्रोत नभएकाले सधैं खाने लाउने समस्याले गाँजिरहने हुनाले चाहेर पनि आफ्नो वालवालिकालाई पढाउनमा निरन्तरता दिन सकिरहेका छैनन् । अधिकांश गन्धर्व परिवार आय आर्जनको बाटो परम्परागत पुर्ख्यौली पेशा संकटमा परी आय आर्जनको लागि ज्याला, मजदुरी, खेती किसान गर्ने र आफ्नो जग्गा कम भएकाले आम्दानी न्युन रहेको छ ।

दलित गन्धर्व परिवारको औषत परिवार संख्या ठूलो छ । गन्धर्व परिवारहरु तुलनात्मक रुपमा अशिक्षित एवं न्युन चेतनस्तर भएकाले छोराछोरीको पढाइको लागि घरमा अनुकुल वातावरण छैन । दलित गन्धर्व परिवारमा छोराछोरीलाई पढाउनु पर्ने भन्ने भावना क्रमशः जागृत हुदैं गएको छ तर छोराछोरीलाई विद्यालय पठाउनमा मात्र अभिभावकको दायित्व सिमित रहेको छ ।  घरैबाट विद्यालय नजिक भएपनि भर्ना भएका गन्धर्व वालवालिकाहरुहरु नियमित छैनन् । दलित विद्यार्थीहरुको कक्षामा सहभागिता सन्तोषजनक छ तापनि शैक्षिक उपलब्धि न्युन छ । दलित गन्धर्व विद्यार्थीहरुको लागि आवश्यक पर्ने शैक्षिक सामग्री, पोशाक आदि कम उपलब्ध छ र उपलब्ध हुँदा पनि समयमा हुन सकेको छैन ।

शिक्षकहरुले गैह्र दलित र दलित गन्धर्व विद्यार्थीहरुलाई गर्ने व्यवहार प्राय समान छ । दलित गन्धर्व विद्यार्थीहरु विद्यालयमा पढ्न लेख्न भन्दा पनि साथीसंग खेल्न, रमाइलो गर्न विद्यालय जान रुची राख्दछन् । विद्यालयमा खासै जातीय भेदभाव नभए तापनि दलित गन्धर्व विद्यार्थी बसेको समाजमा भेदभाव व्याप्त छ ।

दलित गन्धर्व वालवालिकाहरुको विद्यालय प्रवेश ढिलो र बीचैमा कक्षा छाड्ने संख्या अधिक छ । दलित गन्धर्व विद्यार्थीको परीक्षा उत्तीर्ण दर न्युन छ । शिक्षा आर्जन गरेका गन्धर्व यूवाहरु बेरोजगार हुनु र जागीर खान आफ्नै मान्छेको पँहुच चाहिन्छ भन्ने भावनाले पढेर के काम ? भन्ने मानसिकता छ । गन्धर्व विद्यार्थीहरुले घरमा काम गर्नुपर्ने वाध्यता छ । जसले गर्दा विद्यालय जान पाउँदैनन् । आफ्नो छोराछोरीको पढाइ सम्वन्धी अभिभावकहरुले कमै चासो लिने गरेका छन् । चासो लिइ हाले पनि पास र फेलमा मात्र केन्द्रित छ । गन्धर्व वालवालिकाहरु अनुत्तिर्ण भएपछि छोड्ने गरेका छन् । शिक्षकले दलित गन्धर्व वालवालिकाहरुको शैक्षिक गतिविधि सम्वन्धमा अभिभावकलाई जानकारी, मार्ग निर्देशन गर्ने परिपाटी राम्रो छैन । गन्धर्व वालवालिकाहरुमा पढेर भविष्यमा जीवन निर्वाह गर्ने, ठूलो मान्छे बन्ने भावना जागृत भएको छ ।

दलित गन्धर्व वालवालिकाहरुले बीचैमा कक्षा छाड्नुमा सबभन्दा चेतनाको कमी त्यसपछि आर्थिक, सामाजिक तथा अन्य कारणहरु रहेका छन् । पढाइप्रति करिब आधाजति दलित गन्धर्व अभिभावकहरुको सामान्य रुची रहेको छ । वालवालिकाहरुले कक्षा छाड्नुमा सबभन्दा बढी अभिभावक त्यसपछि समाज र अन्य पक्ष जिम्मेवार रहेको छ । दलित गन्धर्व विद्यार्थीका अभिभावकहरुमा करिब आधाजति नपढेका र बाँकीले प्रौढ कक्षा तथा प्रा.वि., नि.मा.वि. तह मात्र पूरा गरेका रहेछन् । दलित गन्धर्व अभिभावकहरुको मासिक आम्दानी रु.४००० भन्दा कम रहेको छ जस मध्ये दुई तिहाईको मासिक आम्दानी रु.२००० को हाराहारीमा रहेको छ । दलित गन्धर्व अभिभावकहरु मध्ये अधिकांशको घडेरी रहेता पनि न्यून आयस्रोतका कारण घर बनाउन सकिरहेका छैनन् भने कतिपय अभिभावकहरुले घडेरी सम्म नहुँदा अर्काको जग्गामा घर बनाएर बसिरहेका छन् । फलस्वरुप पारिवारिक आर्थिक अवस्थामा सहयोग पु-याउन वालवालिकाहरुले पढाई पूरा नगरी बीचैमा कक्षा छाड्ने गरेका रहेछन् ।

खानपानको अवस्थामा दलित गन्धर्व अभिभावकको आफ्नो आम्दानीबाट बढीमा ३-६ महिना सम्म पुग्ने गरेको छ भने करीब ७ प्रतिशत् मात्र त्यस्ता अभिभावक छन् जसको आम्दानीले वर्षभरी खान पुग्ने गरेको छ । कक्षा छाड्ने गन्धर्व विद्यार्थीहरु मध्ये आधाभन्दा बढी

विद्यार्थीको पुनः कक्षा प्रवेश गर्ने चाहना रहेको छ । शिक्षाप्रतिको दृष्टिकोणमा करिब आधाभन्दा कमको नकारात्मक एवम् मिश्रित धारणा रहेको छ अर्थात् अझै पनि दलित गन्धर्व अभिभावकहरुको ठूलो जनसंख्या शिक्षा किन र केका लागि वा यसको महत्व र आवश्यकता के हो ? भन्ने विषयमा अनविज्ञ रहेका छन् ।

दलित गन्धर्व वालवालिकाको विद्यालयमा सहभागिता वृद्धि गर्न ३६.४४ प्रतिशत्ले चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, २९.८२ प्रतिशत्ले छात्रवृत्ति र निःशुल्क शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने, १४.०४ प्रतिशत्ले विद्यालयमा खाजा कार्यक्रमको व्यवस्था गर्नुपर्ने, १२.२८ प्रतिशत्ले शिक्षकद्धारा सबै वालवालिकालाई समान वयवहार गर्नुपर्ने र ७.०२ प्रतिशत्ले शैक्षिक सामग्री र खेल सामग्रीको व्यवस्था गर्नुपर्ने धारणा सम्बन्धीत सबै पक्षको रहेको छ ।

## ५.२ निष्कर्ष

यस शोधपत्रमा दलित गन्धर्व वालवालिकाले कक्षा पूरा नगरी बीचैमा छोड्नुका कारणहरु, उनीहरुको शिक्षाप्रतिको धारणा र कक्षा पतनको रोकथामलाई अधयनको विषयवस्तु बनाई अध्ययन कार्य कार्य गरिएको छ । तथ्याङ्कगत रुपमा दलित गन्धर्व विद्यार्थीहरु मध्ये सबभन्दा बढी आर्थिक कारण र चेतनाको कमीका कारणले बीचैमा कक्षा छाड्ने गरेका छन् । त्यसैले उनीहरुको लागि आयमूलक तथा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने तथ्यलाई सबैले स्वीकार गर्नुपर्ने देखिन्छ । कक्षा छोडेकाहरु पुनः भर्ना हुन चाहेका छन् , यो सकारात्मक पक्ष हो । त्यसैले वालवालिकालाई उचित व्यवस्था र आर्थिक सहयोग दिएमा वा उनीहरुको सामाजिक स्थितिमा सुधार ल्याएमा निश्चित रुपमा उनीहरुको पु:न विद्यालय भर्ना भई शिक्षा प्राप्त गर्ने इच्छा साकार हुनेछ ।

कक्षा छाडेका करिब आधाजति गन्धर्व वालवालिकाले पढाइप्रति सामान्य रुची राख्नुले पढाइप्रति उनीहरुको रुची बढी रहेको अवस्था देखिन्छ । यो रुचीलाई मूर्त रुप दिन आयमूलक, जीवनोपयोगी अनौपचारिक शिक्षा कार्यक्रम संचालन गरी कक्षा छाड्ने विद्यार्थीलाई समेट्न उपयुक्त हुने देखिन्छ । दशौं योजनाद्धारा तय गरिएका दलित वालवालिकाहरुको बिचैमा कक्षा छाड्ने प्रवृत्तिलाई न्युनीकरण गर्न सबैका लागि शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गनुपर्ने देखिन्छ ।

दलित गन्धर्व अभिभावकहरु मध्ये करिब आधा जतिको मात्र आफ्नो आम्दानीले ३-६ महिनासम्म खान पुग्ने गरेको र मासिक आम्दानी रु.२०००/- सम्म मात्र रहेको तथा आधाभन्दा बढी अभिभावकहरु ज्याला मजदुरीलाई नै आफ्नो जीविकोपार्जनको आधार बनाउने गरेको देखिन्छ । जसबाट दलित गन्धर्व अभिभावकहरुको आर्थिक अवस्था अत्यन्त दयनीय रहेको स्पष्ट हुन्छ । स्थिर सम्पतीको अवस्था अध्ययन गर्दा करिब आधा भन्दा कमको मात्र आफ्नो घर घडेरी भएको तथा आधाभन्दा बढी अभिभावकहरुले साक्षरता शिक्षा सम्म हासिल गर्न नसकेको आदि जस्ता तथ्यले गन्धर्व अभिभावकको दयनीय आर्थिक एवम् शैक्षिक अवस्थालाई पुष्टि गर्दछ । यसबाट के स्पष्ट हुन्छ भने उचित सीपको अभावले गर्दा उनीहरुको आर्थिक अवस्था कमजोर भई औपचारिक शिक्षाबाट बञ्चित भएता पनि उनीहरुलाई अनौपचारिक वा सीपमूलक शिक्षा प्रदान गर्न आवश्यक देखिन्छ । दलित गन्धर्व अभिभावकहरुको शिक्षाप्रतिको दृष्टिकोणका करिब ५३.३३ प्रतिशत्को सकारात्मक, ६.६७ प्रतिशत्को नकारात्मक र बाँकीको मिश्रित धारणा रहेको छ । यसबाट यो स्पष्ट हुन्छ कि दलित गन्धर्वको आधा जनसंख्या शिक्षाप्रति राम्रो दृष्टिकोण राख्दछन् । यसले दलित गन्धर्व तथा पिछडीएका वर्गका लागि शिक्षा कार्यक्रम सफलताका साथ संचालन गर्न सकिन्छ ।

दलित गन्धर्व विद्यार्थीको विद्यालय सहभागिता वृद्धि गर्नमा चेतनामूलक कार्यक्रम संचालन गर्नुपर्नेमा ३६.८४ प्रतिशत्, छात्रवृत्ति र निःशुल्क शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा २९.८२, शिक्षकले समान व्यवहार गर्नुपर्नेमा १२.२८ प्रतिशत्को धारणा सम्बन्धीत सबै पक्षको रहेको छ । भन्ने कुरा यस अध्ययनबाट स्पष्ट हुन गएको देखिन्छ । तसर्थ चेतनाको वृद्धि, छात्रवृत्ति र निःशुल्क शिक्षा कार्यक्रम, दलित गन्धर्व वालवालिका प्रति समान व्यवहार लगायत शैक्षिक सामग्री र खेल सामग्रीको व्यवस्था तथा विद्यालय खाजा कार्यक्रमहरु सञ्चालन गरेमा पक्कै पनि उनीहरुको विद्यालयमा सहभागितामा वृद्धि हुने देखिन्छ । जसका लागि व्यक्ति, समाज, राष्ट्र, सरकारी एवम् गैरसरकारी संस्था लगायत सम्बन्धित सबै पक्षबाट सकारात्मक प्रयास गर्नुपर्ने आवश्यक देखिन्छ ।

## ५.३ सुझावहरु

पथरिया स्रोतकेन्द्र अन्तरगत सामुदायिक विद्यालयमा अध्ययन गर्ने दलित गन्धर्व विद्यार्थीहरुले कक्षा पूरा नगरी बीचैमा कक्षा छोड्ने प्रवृत्ती सम्बन्धी समस्याहरु समाधान गर्न अवलम्बन गर्नुपर्ने मूख्य सुझावहरु निम्नानुसार सिफारिस गरिन्छ ।

शिक्षाको महत्वबारे दलित गन्धर्व समुदायमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ जसका लागि सरकारी, गैरसरकारी तथा स्थानीय निकायहरुको सक्रियतामा आवश्यक देखिन्छ । दलित गन्धर्व वालवालिकाहरुसंग विद्यालयमा शिक्षकले सबै विद्यार्थी प्रति गर्ने जस्तैः समान व्यवहार गर्नुपर्दछ । दलित गन्धर्व वालवालिकाहरुको विद्यालयमा सहभागिता वृद्धि गर्न छात्रवृत्ति र निःशुल्क शिक्षा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न सकिन्छ । दलित गन्धर्व अभिभावकका अर्थिक अवस्था सुधार गर्न आयमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । परम्परावादी पेशाको स्थानमा बढी आय आर्जन हुने पेशामा संलग्न गराउनुका साथै उनीहरुलाई सीपमूलक तालिम, आर्थिक सहयोग र न्यून ब्याजदरमा  ऋण  सहयोग उपलब्ध गराउन सकिन्छ । विद्यालय छोडेका प्रौढका लागि प्रौढ तथा अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरिनु पर्दछ । उनीहरुको विद्यालय जाने बानीको विकास गर्न वालकेन्द्र तथा शिशु स्याहार केन्द्र सञ्चालन गरिनुपर्दछ । सन्देशमूलक विद्यालयहरु खोलेमा  शैक्षिक चेतनाको  वृद्धि हुन गई कक्षा छाड्ने दर घटाउन सकिन्छ । पतनदर घटाउन उदार उत्तीर्ण नीति लागु गर्न सकिन्छ । वालवालिकाको शैक्षिक उपलब्धीलाई गुणस्तरीय बनाउन र विद्यालय छाड्ने दर घटाउनका लागि अतिरिक्त समयमा शिक्षण गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । यसका लागि शिक्षकहरुलाई अतिरिक्त समयमा परिचालन गरी विद्यालयले गन्धर्व वालवालिकाको लागि केही बढी व्यवहारको जिम्मेवारी लिन सकिन्छ ।

दलित गन्धर्व जातिको उद्धार गर्न तथा मानवीय अधिकारको संरक्षण गर्ने क्रममा अन्तराष्ट्रिय संस्थाको सहयोग जुटाउने तर्फ प्रयास हुनुपर्दछ । उनीहरुलाई सकारात्मक दृष्टिकोणले मद्दत गरिनुपर्दछ । स्थानीय निकाय, सामाजिक संस्थाले  विभिन्न  लक्षित समूहलाई

सहयोग दिने संस्थाबाट सहयोग माग गरी दलित गन्धर्व वालवालिकालाई शिक्षा प्रदान गर्ने कार्यक्रममा सहयोग गरिनुपर्दछ । जिल्ला शिक्षा कार्यालयले दलित गन्धर्व वालवालिकाका लागि विशेष कार्ययोजना निर्माण गरी शिक्षा सम्वन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । विद्यालय जाने उमेरका दलित गन्धर्व वालवालिकाका लागि पोशाक, स्टेशनरी, परीक्षा शुल्क, खाजा आदिका लागि छात्रवृत्तिको व्यवस्था निरन्तर रुपमा सरकारी र गैरसरकारी क्षेत्रवाट सहयोग गरिनुपर्दछ ।

जातीय विभेदको अन्त्य गरि सामाजिक रुपमा प्रतिष्ठित एवम् सम्मानजनक जीवनयापन गर्ने स्थितिको सृजना गर्नुपर्दछ । जसले दलित गन्धर्व वालवालिकाहरुको विद्यालय सहभागितामा वृद्धि भई विद्यालय बीचमा छाड्ने दर स्वतः घट्न पुग्दछ ।